जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४४ • २०८३ साल बैशाख ३० गते बुधबार (13 May, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बिच्छा विस्थापित, ठाकुर स्थापित

**टुडे समाचारदाता**


जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को समानुपातिक तर्फको एकमात्र कोटामा सरिता कुमारी ठाकुरको नाम सिफारिस गरिएको छ।

राप्रपाले मधेश प्रदेशमा रिक्त प्रदेश सभा सदस्य पदमा महोत्तरीकी सरिता कुमारी ठाकुरलाई सिफारिस गरेको छ।

यस अघि सदस्य रहेकी कञ्चन बिच्छाले दलको अनुशासन उल्लङ्घन गरेकाले पार्टीले फिर्ता बोलाइ कारबाही गरेको थियो।

बिच्छाले राप्रपाको निर्देशन विपरीत एमालेबाट मुख्यमन्त्री बनेका सरोज कुमार यादव नेतृत्वको सरकारमा मन्त्री बनेकी थिइन्। मुख्यमन्त्री यादवलाई एकमात्र राप्रपाकी सांसद बिच्छाले समर्थन गरेकी थिइन् ।उनी पार्टीको निर्देशन अवज्ञा गर्दै सरकारमा गएपछि कारबाही गरिएको थियो ।अदालतले बिच्छाको रिट खारेज गरी उनलाई सांसद पदबाट पदमुक्त गरेको थियो।

निर्वाचन आयोगको पत्रपछि सोही क्लस्टरको समानुपातिक सूचीको दोस्रो नम्बरमा रहेकी ठाकुरलाई राप्रपाले सिफारिस गरेको छ।



कञ्चन बिच्छा सरिता कुमारी ठाकुर

कञ्चन बिच्छाले पार्टीको अनुशासन उल्लङ्घन गरेकाले पार्टीले फिर्ता बोलाइ कारबाही गरेको थियो। सर्वोच्च अदालतले उनको रिट समेत खारेज गरी सांसद पदबाट पदमुक्त गरिएको राप्रपाको निर्णयलाई सदर गरेको थियो।

बिच्छा पदमुक्त भएपछि रिक्त स्थानमा सिफारिस गरी पठाउन निर्वाचन आयोगबाट पत्र प्राप्त भएकाले सोही क्लस्टरको समानुपातिक सूचीको दोस्रो नम्बरमा रहेकी ठाकुरलाई सिफारिस गरिएको राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जनाएका छन्।

राप्रपाले पार्टीको तर्फबाट ठाकुरको सिफारिस निर्वाचन आयोगमा गरे पनि मधेश प्रदेश सभामा त्यसको जनाउ आएको छैन्।

मधेश प्रदेशका सभामुख रामअशिष यादवले बिच्छा पदमुक्त भइसकेकोले राप्रपाले सोही क्लस्टरबाट अर्को सदस्यको नाम पठाए पनि निर्वाचन आयोगबाट जानकारी नआएको बताए । बिच्छालाई पार्टीले प्रदेशसभा सदस्यमा मनोनित गरेपछि उनी विपक्षीको भूमिका निर्वाह नगरी सत्ता पक्षसंग निकट भइ मन्त्री बनेपछि पटकपटक पार्टीले सचेत गराउँदै स्पष्टीकरणसमेत सोधेको थियो । तर पनि उनले बेवास्ता गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य सरोजकुमार यादव नेतृत्वको प्रदेश सरकारमा सहभागी भइ मन्त्री पनि बनेकी थिइन् । त्यसपछि पनि राप्रपाले उनलाई स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरणको जवाफ नदिएपछि बिच्छाको प्रदेशसभा सदस्य पदबाट बर्खास्त गर्न प्रदेशसभामा पटकपटक पत्र कोटेको थियो । बिच्छालाई पदबाट हटाउनका लागि राप्रपाको केन्द्रीय समितिको बैठकको निर्णय गर्दै निर्वाचन आयोगमा पेश गरेपछि उनलाई पदबाट हटाइएको थियो।

### कांग्रेस फूटको संघारमा नेता निधिको संकेत
## केन्द्रीय सदस्य मनोनयनप्रति असहमति, कार्यालय खोज्दै असन्तुष्ट समूह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी फूटको संघारमा पुगेको संकेत दिएका छन्।

पार्टीको केन्द्रीय कार्यसमिति सदस्य मनोनयनप्रति आफूहरु असहमति रहेको बताउँदै उनले विशेष महाधिवेशनप्रति असन्तुष्टि जनाउँदै नेता निधिले देशभरका करिब ४६ प्रतिशत महाधिवेशन प्रतिनिधि प्रक्रियाबाट बाहिर रहेको दाबी गरे।

जनकपुरधाममा मंगलबार केही सञ्चारकर्मीसंग कुरा गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले विशेष महाधिवेशनमा करिब ५६ प्रतिशत प्रतिनिधिमात्र सहभागी भएको दाबी गरे।

आफूहरुसंग कुनै किसिमको छलफल नै नगरी पार्टी सभापति गगन कुमार थापाले १९ जना केन्द्रीय समिति सदस्यमा मनोनित गरेको प्रति असहमति जनाएका छन्।

उनले पार्टीभित्र सहमति निर्माणका लागि हालसम्म प्रभावकारी प्रयास नभएको आरोप लगाए।

आफूहरुसंग सरसल्लाह नै नगरी मनोमानी ढंगले गरिने महाधिवेशनप्रति असहमति जनाउँदै आफूहरु पनि महाधिवेशनको तयारीमा रहेको नेता निधिले बताए । उनले छुट्टै कार्यालय खोजी कार्य भइरहेको बताए।

उनले १५औं महाधिवेशनको तयारीमा केन्द्रित हुन नेता तथा कार्यकर्तालाई आह्वान समेत गरे।



नेता निधिले विशेष महाधिवेशनलाई आफूहरूले मान्यता नदिने स्पष्ट पार्दै पार्टीभित्र साझा एकताको वातावरण निर्माण गर्न १४औं महाधिवेशन पक्षधर र विशेष महाधिवेशन पक्षधर दुबै कार्यसमितिलाई संयुक्त रूपमा अघि बढाउनुपर्ने माग गरेका छन्।

उनले नेताहरू पूर्ण बहादुर खड्का, शेखर कोइराला, गगन थापा र विश्वप्रकाश शर्माबीच शिष्टाचार भेट भए पनि ठोस प्रस्ताव नआएको दाबी गरे।

नेता निधिले संयुक्त कार्यसमितिमार्फत १५औं महाधिवेशनको तयारी, कार्यतालिका निर्माण तथा आवश्यक निर्णयहरू गर्नुपर्ने बताए। नेता निधिले भने, 'हामी धेरै दिन पर्खिन सक्ने अवस्थामा छैनौं।'

पार्टी सदस्यता नवीकरणबारे बोल्दै निधिले १५औं महाधिवेशनका लागि आवश्यक सदस्यता नवीकरण प्रक्रिया यसअघि नै सम्पन्न भइसकेकाले पुनः नवीकरण आवश्यक नरहेको बताए।

उनले त्यसबेला नवीकरण व्यवस्थापनको जिम्मेवारी महामन्त्री गगन थापालाई दिइएको स्मरण गराए।

यद्यपि उनले सबै कार्यकर्तालाई सदस्यता नवीकरण प्रक्रियामा सहभागी नहुन आग्रह गर्दै निजी स्वार्थका आधारमा सदस्यता नवीकरण भइरहेको आरोपसमेत लगाए।

नेता निधिले पार्टीभित्र छलफल र समन्वय बढाउन सातै प्रदेशमा नेताहरूसँग भेटघाट तथा परामर्श अभियान थालेको बताए।

उनले मधेश प्रदेशको जिम्मेवारी आनन्द ढुंगानालाई दिइएको छ भने कोशी र बागमती प्रदेशमा समेत भेला तथा छलफल कार्यक्रम सञ्चालन भइरहेको दाबी गरे।

नेपाली कांग्रेसको कार्यशैलीप्रति आफ्नो असन्तुष्टि जनाउँदै छुट्टै पार्टी कार्यालय सञ्चालन गर्ने अभिव्यक्ति दिएपछि पार्टीका स्थानीय नेताहरुले पार्टी फूटतर्फ उन्मुख भएको अर्थ्याउन थालेका छन्।

नेता निधिले पार्टी कार्यालयका लागि छुट्टै भवन खोज्ने कामसमेत भइरहेको सार्वजनिक अभिव्यक्ति दिएलगत्तै पार्टी कार्यकर्ताहरुले पार्टी फूटको संघारमा पुगेको बताउन थालेका छन्।

आफूहरु र विशेष महाधिवेशन पक्षधरबीच मेलमिलाप हुँदैछ भन्ने कुरा भ्रममात्रै रहेको उनले प्रस्ट्याए । केन्द्रीय कार्यसमिति सदस्यमा मनोनयन भएकाहरु आफ्नै व्यक्तिगत निर्णयबाट अर्को पक्षमा गएको हुनसक्ने उनको भनाइ छ।

यसअघि सोमबार सभापति थापाले महेन्द्र यादव, सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, चन्द्रकान्त भण्डारी, अजयकुमार चौरसिया, जीवन परियार लगायत १९ जनालाई कांग्रेस केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गरेका थिए।

## श्रम मन्त्रीका चालक पक्राउ

**टुडे समाचारदाता**

राजविराज ।संघीय सरकारको श्रम,रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवका सवारी चालक पक्राउ परेका छन् ।प्रहरीले अपहरण, शरीर बन्धक तथा अपमानजनक व्यवहारको कसुरमा मुस्तकिम आलम मियाँलाई नियन्त्रणमा लिइएको छ।

सप्तरीको महादेवा गाउँपालिका-१, बल्थी घर भइ राजविराज नगरपालिका-३, पोखेल टोल बस्ने २७ वर्षीय उनलाई हिजो साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय,सप्तरीले जनाएको छ। मियाँ श्रममन्त्री यादवको निजी सचिवालयमा नियुक्त छन्।

२०८२ चैत २७ गतेको मितिदेखि मन्त्री यादवले मुस्तकिम आलम मियाँलाई हलुका सवारी चालकमा नियुक्त गरेका थिए।

मुस्तकिमलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय सप्तरीले वैशाख २४ गते जिल्ला




अदालतबाट पक्राउ पुर्जी लिएको थियो।

मुस्तकिम सहितले हनुमानचोकमा बस्ने एक हिन्दू युवालाई अपहरण गरेर अमानवीय व्यवहार गरेका थिए । उनीहरुले ती युवालाई नग्न बनाएर भिडियो बनाउँदै थुक चाट्न लगाएका थिए।

प्रहरीले जनाए अनुसार घटना २०८२ फागुन १४ गतेको हो । बिहान ८ बजे उनीहरुले बा.९९ प ५७७५ नम्बरको मोटरसाइकलले युवकलाई घेरा हालेर अपहरण गरेका थिए । त्यसपछि ती युवालाई हिमालय राइस मिल पछाडिको सुनसान स्थानमा लगेर कुटपिट गर्नुका साथै नांगो पारी भीडीयो उनीहरुले बनाएका थिए।

पीडितले आफ्नो लिङ्ग काटिदिने धम्की दिएको,मोबाइल र सुनको सिक्री लुटेको बताएका छन् ।पीडितसित रहेको १ लाख ३० हजार रुपैयाँ पनि उनीहरुले लगेको आरोप पत्रमा उल्लेख छ।

पीडितले मुस्तकिमसँगै जुनेद मियाँ,एकवाल मियाँ र आदित्यकुमार यादवविरुद्ध प्रहरीमा अपहरण वा शरीर बन्धक र अपमानजनक अमानवीय व्यवहारसम्बन्धी कसुरमा जाहेरी दिएका थिए ।मुस्तकिमको राजनीतिक पहुँच भएको कारण प्रहरीले पक्राउ पुर्जी लिन आलटाल गरिरहेको थियो ।पीडित लगायतले कारबाही नगरिए माथिल्लो निकायसम्म जाने बताएपछि प्रहरी सक्रिय भएको बताइएको छ।

अदालतले मुस्तकिम सहितलाई पक्राउ गर्न अनुमति दिएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो ।मुस्तकिमलाई अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

स्थानीय बासिन्दाका अनुसार मन्त्री यादवलाई मुस्तकिमले गरेको घटनाबारे जानकारी थियो ।उनकै संरक्षणमा प्रहरीले पक्राउ गर्न ढिलाइ गरिरहेको आरोप लगाइएको छ ।यस सम्बन्धमा मन्त्री यादवले कुनै प्रतिक्रिया जनाएका छैनन् ।तर उनका चालक मुस्तकिमको क्रूरतापूर्ण कार्यको लागि कडा सजाय हुनुपर्ने माग भइरहेको छ।

## भारतीय विदेश सचिवको भ्रमण स्थगनपछि विदेशमन्त्रीलाई निम्तो

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा सरकार परिवर्तन भएसंगै निम्तो पाएका भारतीय विदेश मन्त्रालयका विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमण स्थगनबारे सार्वजनिक रुपमा जनाएका छन्।

साप्ताहिक मिडिया ब्रिफिङका क्रममा मंगलबार भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले विदेश सचिव मिश्रीको नेपाल भ्रमण स्थगन बारे प्रस्ट्याएका छन्।

विदेश सचिव मिश्रीको भ्रमण स्थगन भएपछि नेपालले भारतीय विदेशमन्त्री एस.जयशंकरलाई नेपाल भ्रमणको निम्ता पठाएको छ । भारतीय परराष्ट्र मन्त्रालयका अनुसार गत चैत २७ गते मोरिसस भ्रमणमा रहँदा परराष्ट्रमन्त्री शिशिर खनालले भारतीय समकक्षीलाई नेपाल भ्रमणको निम्तो दिएका छन्।

भारतको विदेश मन्त्रालयको प्रेस ब्रिफिङमा प्रवक्ता जैसवालले निम्तोको पुष्टि गरेका छन्।



दुई देशबीच कुटनीतिक च्यानलमार्फत् आपसी सहजतामा भ्रमणको मिति तय गरिने उनले बताए । मोरिससको वार्तामा द्विपक्षीय हित, आर्थिक सहकार्य र कनेक्टिभिटीका विषयमा छलफल भएको थियो।

नवौं हिन्द महासागर सम्मेलन (आईओसी)मा सहभागी हुन मोरिसस पुगेका बेला दुवै खनाल र जयशंकरबीच साइडलाइन वार्ता भएको थियो।

नेपाल-भारत सम्बन्ध बहुआयामिक रहेको भन्दै उनले भारतले यसलाई अझै न्यानो र परिणाममुखी बनाउन चाहेको उल्लेख गरे।

'नेपाल सम्बन्ध बहुआयामिक किसिमको छ । नेपालमा निर्वाचन भयो, नयाँ सरकार बन्यो। हाम्रा प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीसँग कुराकानी गर्नुभयो', मंगलबारको प्रेस ब्रिफिङमा पत्रकारको प्रश्नको जवाफ दिँदै जैसवालले भने, 'हाम्रा प्रधानमन्त्रीले भन्नुभयो कि नेपाल-भारतबीच पुरानो, पारिवारिक र जीवन्त सम्बन्ध छ, यसलाई अझ बजबुत बनाउन हामी प्रतिबद्ध छौं।'

अघिल्लो साता भारतीय विदेश सचिव विक्रम मिश्रले नेपाल भ्रमण गर्ने निर्धारित तालिका थियो । तर अन्तिम समयमा भ्रमण रद्द भएको थियो।



# ‘डिडिसी’बाट सित्तैमा दूध-घिउ खाने व्यवस्था तत्काल रोक्न कृषिमन्त्रीको निर्देशन

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले दुग्ध विकास संस्थान (डिडिसी) का कर्मचारीहरूले सित्तैमा उपभोग गर्दै आएको दूध र घिउको सुविधा तत्काल रोक्न निर्देशन दिनुभएको हो ।

मंगलबार यहाँ आयोजित छलफलमा उहाँले कर्मचारीहरूले नियम विपरीत दैनिक दूध र मासिक रूपमा घिउ सित्तैमा उहाँको सचिवालयले जनाएको छ । “संस्थान घाटामा छ । किसानले भुक्तानीलगायत समस्या भोगिरहेका छन्, तर कर्मचारीले वार्षिक लाखौं रकमको दूध र घिउ सित्तैमा लिने कुरा राम्रो होइन । त्यसैले यस्तो कार्य तत्काल रोकौं, संस्थानको हितका लागि गम्भीर भएर काम गरिनुपर्छ”, निर्देशनका क्रममा मन्त्री चौधरीले भन्नुभयो ।




पाउने गुनासो आएको भन्दै सो कार्य तत्काल रोक्न निर्देशन दिनुभएको हो ।

मन्त्री चौधरीको निर्देशन कार्यान्वयनपछि संस्थानको वार्षिक रु ७८ लाख जोगिने कर्मचारीको सुविधा कटौती गरेर जोगिने रकम अब किसानको बक्यौता भुक्तानी र दुग्ध उत्पादन वृद्धिका कार्यक्रममा खर्च गरिने मन्त्रालयले जनाएको छ । रासस

# पथलैया-अमलेखगञ्ज खण्डमा ‘ओभरपास’ निर्माणको प्रस्ताव




वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जले त्रिभुवन राजपथअन्तर्गत पथलैया-अमलेखगञ्ज सडक विस्तारका क्रममा आठ किलोमिटर दूरीमा जनावर वारपार गर्नका लागि दुई वटा ‘ओभरपास’ निर्माण गर्न सडक विभागसँग प्रस्ताव गरेको छ ।

सो खण्डमा सवारीसाधन अत्यधिकमात्रामा गुड्ने हुँदा विभिन्न समयमा वन्यजन्तुको प्राकृतिक स्थान तथा वन्यजन्तु दुर्घटनामा पर्ने जोखिम रहेकाले सडक विस्तारका क्रममा कम्तीमा दुई वटा ओभरपास निर्माण गर्नका लागि सुझाव दिएको हो ।

पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले निकुञ्ज क्षेत्र अतिसंवेदनशील हुने भएकाले पनि सडक विस्तार गर्दा जनावरमैत्री र जनावरको सुरक्षामा विशेष ध्यान दिनका लागि अनुरोध गर्नुभयो ।

“सवारीसाधनको ठक्करले राजमार्गमा दुई दर्जनभन्दा बढी वन्यजन्तुको मृत्यु भएको छ”, उहाँले भन्नुभयो, “निकुञ्जको कोरएरिया पर्ने आठ किलोमिटरमा ओभरपास निर्माण गरेको खण्डमा दुर्घटनाबाट हुने क्षतिलाई केही न्यूनीकरण गर्न सकिन्थ्यो ।”

अमलेखगञ्ज-पथलैया सडकखण्डमा बेलाबखत हात्तीले सवारीसाधनलाई लखेट्ने तथा मानव र वन्यजन्तुबीच द्वन्द्व पनि हुने गरेको छ । चालु आर्थिक वर्षको चैतसम्म सवारी दुर्घटनामा परेर एउटा चितुवाको मृत्यु भएको निकुञ्ज कार्यालयले जनाएको छ ।

पथलैया-अमलेखगञ्ज सडकखण्डमा सवारी दुर्घटनामा परेर दुई वटा जरायो, पाँच वटा चित्तल र १५ वटा बाँदरको मृत्यु भएको निकुञ्जका सूचना अधिकारी भगतले जानकारी दिनुभयो । प्राकृतिक कारणले अन्य तीन वटा जनावरको मृत्यु भएको छ ।

सूचना अधिकारी भगतले सवारी दुर्घटनाबाट वन्यजन्तु जोगाउनका लागि ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको बताउनुभयो । उहाँले सवारी चालकलाई थप ट्राफिक सचेतना उपलब्ध गराउन सरोकार भएका सबैले समन्वय गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सडक डिभिजन हेटौंडाका इन्जिनियर भोलाप्रसाद साहले सडक विस्तार गर्दा निकुञ्ज क्षेत्रमा ओभरपास निर्माण गर्नुपर्नेलगायत सुझाव आएकाले सडक विभागमा पठाइएको जानकारी दिनुभयो । रासस

# कलैयाका सात पसलमा छड्के अनुगमन

बारा । बाराको कलैयामा सोमबार सात वटा पसलमा छड्के अनुगमन गरिएको छ । अनुगमनका क्रममा दुई वटा मिठाइ पसललाई जरिवाना गरिएको छ । संयुक्त बजार अनुगमन समितिका अध्यक्ष तथा जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरकण भट्टराईको नेतृत्वमा खटिएको टोलीले विभिन्न पसलको अनुगमन गरेको हो ।



अनुगमनका क्रममा कलैया उपमहानगरपालिका-६ बरियारपुर रोडस्थित माँ अन्नपूर्ण स्वीट्स एण्ड बेकरीमा गुणस्तरहीन मम, हाइड्रो तथा बिरयानी बनाउने सामग्री भेटिनुका साथै मूल्यसूचीसमेत नराखिएको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९(घ) बमोजिम रु ५० हजार जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी भट्टराईले जानकारी दिनुभयो ।

त्यसैगरी, कलैया-५ स्थित केसर स्वीट्समा म्याद गुज्रिएको आइसक्रिम र मम फेला परेपछि रु २० हजार जरिवाना गरिएको अनुगमन टोलीले जनाएको छ । अनुगमनका क्रममा कलैया-४ बरियारपुर रोडस्थित रोशन बाबु जेनेरल स्टोरमा म्याद गुज्रिएको खाने तेल फेला परेपछि उक्त तेल पसल अगाडि नै नष्ट गरिएको सहायक प्रजिअ भट्टराईले उल्लेख गर्नुभयो ।

कलैया-४ बरियारपुर रोडस्थित नेपाल डेरी उद्योग, एक मासु पसल र अदालत रोडस्थित सत्या होटललाई आवश्यक कागजातसहित तीन दिनभित्र जिल्ला प्रशासन कार्यालय बारामा उपस्थित हुन निर्देशन दिइएको छ ।

दुर्गा खाजा घरमा काटा (नापतौल)सम्बन्धी अनुमतिपत्र नभएको पाइएपछि नापतौल कार्यालय वीरगञ्जमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइएको छ । नवल सेकुवामा मूल्यसूची नराखिएको पाइएपछि चेतावनी दिइएको अनुगमन टोलीले जनाएको छ ।

उक्त अनुगमन टोलीमा सहायक प्रजिअ भट्टराईसहित घरेलु तथा साना उद्योग कार्यालय बाराका प्रमुख देवेन्द्र झा, जिल्ला प्रशासन कार्यालय बाराका प्रशासकीय अधिकृत दीपेन्द्रप्रसाद यादव, प्रशासन शाखाका रत्न स्याङ्तान, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका आशुतोष कुशवाह, खाद्य प्रविधिका जगत चौधरी, गुणस्तर कार्यालयका जोखन चौहान, उपभोक्ता अधिकार मञ्चका अरुण खनाल, जिल्ला प्रहरी कार्यालय बाराका प्रतिनिधि शिवशङ्कर साह तथा सञ्चारकर्मीको सहभागिता थियो । रासस

# सीमित स्रोतसाधनमा काम गर्न बाध्य : मधेशी आयोग




काठमाण्डु । मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेश प्रदेशका समस्या समाधान गर्न आयोगसँग पर्याप्त बजेट र स्रोतसाधन अभाव रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको मंगलबारको बैठकमा मधेशी आयोगकोकामकारबाहीसम्बन्धमा आयोगका पदाधिकारीहरुसँग छलफल गर्ने क्रममा उहाँले समितिमा मधेशी आयोगले भोग्नु परेको चुनौती र अवस्थाबारे जानकारी दिनुभएको थियो ।

उहाँका अनुसार सरकारलाई हालसम्म ३०० भन्दा बढी मधेशका समस्या सिफारिस गरिएको बताउनुभयो । यसमा कतिपय मधेशका महत्वपूर्ण विषय हालै सम्पन्न सरकारको नीति तथा कार्यक्रममा समेटिएको पनि बताउनुभयो । अध्यक्ष साहले भन्नुभयो, “मधेशमा विद्यमान समस्या थुप्रै छन्, समाधानका लागि स्रोत अभाव छ ।”

मधेशमा विद्यमान दाइजो प्रथा, कुरीति, गरिबी, अशिक्षा, प्राकृतिक प्रकोप, बेरोजगारीलगायत समस्या छन् । यी सबैको समाधान गर्न राज्यको सहकार्य आवश्यक हुने उहाँको भनाइ छ । आयोगले हाल ७७ जिल्लामा २० लाख रुपैयाँ बजेटमा कार्यक्रम गर्नु परेको अध्यक्ष साहले जानकारी दिनुभयो ।

अध्ययन र अनुसन्धानका लागि मात्रै पाँच लाख रुपैयाँ बजेट अपर्याप्त रहेको उहाँले बताउनुभयो । समितिका सभापति आकृति अवस्थीले मधेसका समस्या राज्यले सम्बोधन गर्नुपर्ने धारणा राख्दै यसका लागि आयोगले सहयोगी भूमिका निर्वाह गर्न सुझाव दिनुभयो ।

बैठकमा सहभागी सांसदहरुले मधेशी आयोगको काम, कतर्व्य प्रभावकारी बनाउन आग्रह गरेका थिए । सांसद पार्वती विकले मधेशमा जरो गाडेको दाइजो प्रथा अन्त्यका लागि आयोगले सचेतनामूलक कार्यक्रम व्यापक रुपमा सञ्चालन गर्न आग्रह गर्नुभयो ।

सांसद रीना उप्रेती (केसी) ले सप्तरी र सिराहमा घरेलु हिंसा धेरै भएको जानकारी दिँदै यो विषयमा आयोगले अनुगमन समाधानतर्फ जोड दिनुपर्ने बताउनुभयो । सांसद दीपककुमार साहले मधेसमा बेरोजगारी अर्को ठूलो समस्या भएको औंल्याउँदै आयोगले यस क्षेत्रमा केकस्ता कार्ययोजना बनाएको छ भनी प्रश्न गर्नुभयो ।

साथै, सांसद डा. ललिता कुमारीले शिक्षा र स्वास्थ्यको अभावमा मधेशले धेरै समस्याको सामना गर्नु परेको उदाहरण दिँदै आयोगले सरकारलाई यी दुई विषयमा राज्यको ध्यानाकर्षण गराउनतर्फ जोड दिन आग्रह गर्नुभयो । रासस

# केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा

काठमाण्डु । पश्चिमी वायु, स्थानीय वायु र नेपालको पूर्वी भू-भाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यून चापीय क्षेत्रका साथै मध्य र पूर्वी भू-भागको उपल्लो वायुमण्डलमा रहेको न्यून चापीय रेखाको समेत आंशिक प्रभाव छ ।

कोशी प्रदेश तथा बाँकी प्रदेशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ र तराई भू-भागमा आंशिक बादल लाग्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यसैगरी, कोशी तथा बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका केही स्थानहरूमा, बाँकी हिमाली र पहाडी भू-भागका थोरै स्थानहरूमा तथा तराई भू-भागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार आज राति कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत देशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ र बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ । कोशी, मधेस र बागमती प्रदेशका केही स्थानहरूमा, बाँकी हिमाली र पहाडी भू-भागका थोरै स्थानहरूमा तथा तराई भू-भागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको छ । रासस

# ‘ननग्रेडेड’ विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ : शिक्षामन्त्री

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ‘ननग्रेडेड’ विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने बताउनुभएको छ ।



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मंगलबारको बैठकमा मन्त्री पोखरेलले सरकारले एक महिनाभित्र परीक्षाको नतिजा सार्वजनिक गर्ने सरकारको प्रतिबद्धता कार्यान्वयन भएको उल्लेख गर्दै अब परीक्षामा असफल हुने विद्यार्थीका लागि पूरक परीक्षा तयारी कक्षा सञ्चालन गरिने प्रतिबद्धता जनाउनुभएको हो ।

सोमबार प्रकाशित नतिजाअनुसार दुई लाख ८४ हजार १६० विद्यार्थी ‘ग्रेडेड’ भई ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी सफल भएका छन् । एक लाख ४६ हजार ५०७ विद्यार्थी ‘ ननग्रेडेड’ भएका छन् । ‘ननग्रेडेड’ भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको लाभ लिनेछन् ।

मन्त्री पोखरेलले देशभरका सम्पूर्ण विद्यालय भवन, खेलमैदान, शिक्षक, कर्मचारी, विद्यार्थी र अन्य संरचनाको विस्तृत अध्ययन पूरा प्राप्त हुने तथ्यका आधारमा विद्यालय तहको सम्पूर्ण पूर्वाधार पुनर्संरचना गरिने बताउनुभयो ।

बैठकमा सांसदहरुले सुकुमवासी बस्तीबाट विस्थापित बालबालिकाको पठनपाठनकाका लागि सरकारले विशेष व्यवस्था गर्नुपर्ने, शिक्षा विधेयक तत्काल ल्याउनुपर्ने, खेलकुद विश्वविद्यालय स्थापना गरिनुपर्ने र विद्यार्थिहरुका लागि ई-बुकको व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो ।

सांसदहरुले विद्यालय खाजा कार्यक्रममा हुने गरेको अनियमितता रोक्न र विभिन्न १७ प्रकारका शिक्षकका समस्या समाधान गर्न सरकारले तत्काल कदम चाल्नुपर्ने विचार व्यक्त गर्दै व्यावसायिक र सीपमूलक शिक्षाका लागि विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

> सोमबार प्रकाशित नतिजाअनुसार दुई लाख ८४ हजार १६० विद्यार्थी “ग्रेडेड” भई ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी सफल भएका छन् । एक लाख ४६ हजार ५०७ विद्यार्थी “ ननग्रेडेड” भएका छन् ।

शिक्षा मन्त्रालयका उच्चाधिकारीहरुले हालसम्म भए गरेका कार्यप्रगति विवरण पेस गर्दै देशभरका २७ हजार सामुदायिक विद्यालयमा दुई लाख ३२ हजार १०५ शिक्षक तथा कर्मचारी रहेको जानकारी गराइएको थियो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



मेष : आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ।
वृष : आर्थिक रुपमा आजको दिन निकै सफल रहनेछ ।
मिथुन : कार्यक्षेत्रमा तपाईको प्रभाव बढ्नेछ । नयाँ रोजगारीको अवसर मिल्न सक्छ ।
कर्कट : आज भाग्यले साथ दिनेछ । रोकिएका धार्मिक कार्यहरु सम्पन्न हुनेछन् ।
सिंह : स्वास्थ्यमा अचानक समस्या आउन सक्छ ।
कन्या : व्यापार र व्यवसायमा आज नयाँ सम्झौता हुन सक्छ ।
तुला : पुराना ऋणहरु चुक्ता गर्ने अवसर मिल्नेछ। शत्रुहरु परास्त हुनेछन् ।
वृश्चिक : विद्यार्थीहरुका लागि आजको दिन निकै राम्रो छ ।
धनु : पारिवारिक वातावरण केही अशान्त रहन सक्छ ।
मकर : तपाईको सामाजिक दायरा बढ्नेछ ।
कुम्भ: आर्थिक पक्ष सुदृढ रहनेछ । परिवारमा मांगलिक कार्यको चर्चा हुनेछ ।
मीन: चन्द्रमा आज तपाईको राशिमा प्रवेश गर्ने हुनाले आत्मविश्वास बढ्नेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पोखराका आयुर्वेद अस्पतालमा गैरकानुनी औषधि छ्याप्छ्याप्ती



गण्डकी । पोखरामा सञ्चालित आयुर्वेद अस्पताल/क्लिनिकमा गैरकानुनी तथा गुणस्तरहीन औषधि निर्वाध रूपमा बिक्रीवितरण भइरहेको पाइएको छ । जिल्ला प्रशासन कार्यालय कास्कीको नेतृत्वमा आज गरिएको अनुगमनका क्रममा पोखरा महानगरपालिका-१० बुद्धचोक क्षेत्रमा रहेका आयुर्वेद अस्पताल र क्लिनिकमा त्यस्ता औषधि छ्याप्छ्याप्ती भेटिएका हुन् ।

औषधि व्यवस्था विभागबाट स्वीकृत नलिएका र म्याद गुज्रेका औषधि बरामद गरी नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । "अधिकांश अस्पताल र क्लिनिकमा गैरकानुनी औषधि बिक्रीवितरण भइरहेको पाइएको छ", उहाँले भन्नुभयो, "आयुर्वेद उपचारका नाममा विकृति मौलाउँदै गएपछि अनुगमनमा कडाइ गरिएको हो, गलत गर्नेलाई कानुनअनुसार कारबाही हुन्छ ।"

अनुगमनका क्रममा तोकिएको मापदण्ड पूरा नगरेका, दर्ता नवीकरण नभएका, दररेट नराखेका, चिकित्सक र स्वास्थ्यकर्मीलाई नियुक्तिपत्र नदिई काममा लगाएका अस्पताल तथा क्लिनिकलाई आवश्यक कागजपत्रसहित बुधबार जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन भनिएको सहायक प्रजिअ बरालले बताउनुभयो। सञ्चालन अनुमतिपत्र नदेखिएपछि फेमिली आयुर्वेदिक क्लिनिकलाई बन्द गराई आवश्यक प्रक्रिया पूरा गरी अनुमतिपत्र लिन सचेत गराइएको उहाँको भनाइ छ ।

अनुगमन टोलीमा रहनुभएका गण्डकी आयुर्वेद अस्पतालका चिकित्सक विपिनबन्धु आचार्यले औषधि व्यवस्था विभागबाट अनुमति नलिई उत्पादन गरिएका कुनै पनि औषधि बेच्न नपाइने बताउनुभयो।

"कानुनी मान्यता नपाएका र गुणस्तरहीन आयुर्वेद औषधि बजारमा भित्रने गरेको छ, औषधि किन्ने बेलामा अस्पताल स्वयं सचेत हुनुपर्छ", उहाँले भन्नुभयो, "औषधि व्यवस्था विभागमा दर्ता छ/छैन निश्चित गरेरमात्र औषधि खरिद गर्नुपर्छ ।" क्लिनिक र फार्मेसीहरूमा आयुर्वेद विषयको ज्ञान नै नभएका व्यक्तिले औषधि बिक्री गर्ने गरेकोसमेत पाइएको चिकित्सक आचार्यले बताउनुभयो।

पोखरामा हेल्दी होम्सका कविराज अस्मिना बञ्जराले अनुमति नलिई आयुर्वेद औषधि उत्पादन र बिक्रीवितरण गर्ने कम्पनीलाई राज्यले कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो । "कतिपय कम्पनीले औषधि व्यवस्था विभागमा दर्ता छ भनेर झक्याउन सक्छन्, अबदेखि अस्पताल र क्लिनिकहरू यसमा सचेत हुनुपर्छ", उहाँले भन्नुभयो ।

धेरैजसो आयुर्वेद अस्पताल र क्लिनिक पोखरा-१० बुद्धचोक, अमर सिंहचोकलगायत क्षेत्रमा सञ्चालित छन् । अस्पताल भनेर सञ्चालन गरे पनि कतिपयमा अस्पतालको न्यूनतम पूर्वाधार पनि नरहेको पाइएको अनुगमनमा सहभागी उपभोक्ता मञ्च कास्कीका सचिव कमल पौडेल 'अथक'ले बताउनुभयो ।

अनुगमनलाई थप कडाइ गर्दै दोषी भेटिएका जोकोहीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँको भनाइ छ । यस्तै मापदण्डविपरीत अनावश्यक रूपमा होर्डिङ बोर्ड राखेका क्लिनिकलाई त्यस्ता बोर्ड तत्काल हटाउन भनिएको जिल्ला प्रशाससन कार्यालयले जनाएको छ।

बुद्धचोकको नेचर केयर आयुर्वेद अस्पताल, साधना आयुर्वेद क्लिनिक, आरोग्य होमियो फार्मेसी, आरोग्य होमियोप्याथिक अस्पताल, पञ्चम आयुर्वेद, पोखरा हेल्दी होम्स, रश्मी आयुर्वेद क्लिनिक र फेमिली आयुर्वेदिक क्लिनिकको अनुगमन गरिएको थियो। रासस

# जनतालाई न्याय गर्न अध्यादेश ल्याउनुपरेको हो: रास्वापा नेता पराजुली

"हुन त यी विषयमा म आज धेरै चर्चा गर्न चाहन्न तर ती नेपाली जनतालाई न्याय दिनुको सट्टामा तपाईंहरूले केसम्म गर्न भ्याउनुभयो भनेर म यस सम्मानित सदनबाट स्मरण गराउन चाहन्न, आज उहाँहरूलाई न्याय दिनु छ,"



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता गणेश पराजुलीले जनतालाई न्याय गर्ने मनसायले सरकारले अध्यादेश ल्याउनु परेको तर्क गर्नुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा बोल्दै उहाँले जनतालाई न्याय गर्ने उद्देश्यले आठ वटा अध्यादेश ल्याएको र यसमा विपक्षी दलहरूले रोइलो गर्नुपर्ने कारण नभएको टिप्पणी गर्नभयो ।

विगतको ३७ वर्षमा थिलथिलो बनाएको नेपालका सबै संरचना र सेवा प्रवाहबाट दलीयकरण अन्त्य गर्न आवश्यक रहेको बताउँदै नेता पराजुलीले विगतमा दलहरूले आफ्ना कार्यकर्ता र विचौलियामार्फत जनतालाई शोषण दमन गरेको आरोप लगाउनुभयो । "हुन त यी विषयमा म आज धेरै चर्चा गर्न चाहन्न तर ती नेपाली जनतालाई न्याय दिनुको सट्टामा तपाईंहरूले केसम्म गर्न भ्याउनुभयो भनेर म यस सम्मानित सदनबाट स्मरण गराउन चाहन्न, आज उहाँहरूलाई न्याय दिनु छ," नेता पराजुलीले विपक्षी दलहरूप्रति लक्षित गर्दै भन्नुभयो ।

वन ऐन र खरिद ऐनमा भएका कतिपय प्रावधानका कारण विकासलाई अगाडि बढाउन नसकिएको उल्लेख गर्दै उहाँले त्यसमा संशोधन र सुधार गर्न सरकारले अध्यादेश ल्याउनु परेको स्पष्ट पार्नुभयो । "लोकतन्त्रका लागि लडेकाहरूले व्यवस्था परिवर्तनका लागि जेलनेल भोगेकाहरूले संविधानको कुन धारा टेकेर राष्ट्रपतिलाई अध्यादेश रोक्नका लागि यहाँहरूले ज्ञापनपत्र बझाउनुभयो," उहाँले भन्नुभयो, "कुन धरातलमा उभिएर यहाँहरू लोकतन्त्रको वकालत गर्दै हुनुहुन्छ र आज प्रतिपक्षको हैसियतमा यहाँहरूले प्रश्न राख्दै गर्दा जनताले नजिकबाट नियालेका छैनन् होला ।"

नेता पराजुलीले विपक्षी दलहरूलाई अध्यादेशप्रति चित्त नबुझे प्रतिस्थापन विधेयकमा आफ्ना मत राख्न सकिने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सरकार निर्माण भएको एक सय दिन पनि पुगेको छैन । र सरकारले ती साँच्चै वास्तविक भूमिहीनमाथि आशा जगाएको छ, विश्वास जगाएको छ । हामी संसदीय अभ्यासमा साच्चै नयाँ छौं । हामीले काम गर्दै गर्दा खेरी केही कुराहरू कमजोरी भयो होला वा केही बिरायौं होला तर हामी स्वच्छ नैतिकतासहित जनताका पक्षमा काम गर्न आएका छौं । नेपाली जनताको सपना पूरा गर्ने प्रयासमा लागि परेका छौं ।"

नेता पराजुलीले पछिल्लो दिनमा सम्मानित न्यायालयलाई दूषित बनाउनका लागि विभिन्न प्रयास भएकाप्रति दुःख व्यक्त गर्नुभयो । उहाँले संसारभर न्यायाधीशहरूको आफ्नै आचारसंहिता हुने र त्यसको पालना गर्नु सम्बन्धित न्यायाधीशको कर्तव्य हुने भए पनि दलको भागबन्डामा न्यायाधीश भएकाहरूले त्यसको पालना नगरेको टिप्पणी गर्नुभयो । उहाँले आफ्नो मर्यादा बिर्सेर व्यापारिक कार्यक्रममा सहभागी हुने र दलको भागबन्डामा न्यायाधीश बनेका व्यक्तिले सडकबाट तिहाइको सरकारलाई ललकारेकोप्रति आपत्ति जनाउनुभयो ।

नेता पराजुलीले वर्तमान सरकारले सिमानामा आवतजावतलाई व्यवस्थित गर्ने प्रयास गरेकोप्रति विरोध जनाउनुको कुनै तर्क नभएको बताउँदै जनताको सहज दैनिकी र आन्तरिक बजार सुदृढीकरणका लागि उक्त प्रयास गरिएको अवगत गराउनुभयो । रासस

## नीति तथा कार्यक्रमले विद्यमान गम्भीर प्रश्नहरूको उत्तर दिन सकेन: नेता थापा



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापाले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रमले विद्यमान अवस्थाका प्रश्नको उत्तर दिन नसकेको टिप्पणी गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारका बैठकको विशेष समयमा उहाँले निर्धारित संसद् को अधिवेशन स्थगित गरी आठ वटा अध्यादेश जारी गरिनु लोकतन्त्रका लागि सुखद नभएको बताउनुभयो । ऋण लिएर विकास नहुने भएकाले नीति तथा कार्यक्रमलाई परिवर्तन आवश्यक रहेको उहाँको भनाइ थियो ।

तत्कालीन राजनीतिक दलहरूको कमजोरीका कारण स्थापित नयाँ दलले जनताको आकाङ्क्षा पूरा गर्नुपर्नेमा जोड दिँदै उहाँले सरकारको पछिल्लो गतिविधिले त्यस्तो लक्षण नदेखाएको टिप्पणी गर्नुभयो । नेता थापाले सरकारको नीति तथा कार्यक्रमले मुलुकको समग्र विकास, स्थायी शान्ति र लोकतन्त्रको रक्षा गर्न नसक्ने आरोप लगाउनुभयो । रासस

# 'यमच्छो' अर्थात् 'वीरेन्द्र ताल'



गोरखा । पचास वर्षअघिसम्म सामागाउँका बासिन्दाले गाउँमाथिको पवित्र ताललाई 'यमच्छो' भन्थे । विसं २०३४ मा जब तत्कालीन राजा वीरेन्द्र यहाँ भ्रमणमा आउनुभयो, उहाँ यमच्छो देखेर गदगद् हुनुभएको थियो । मनास्लु बगेर जमेको यो ताल राजालाई धेरै नै मन परेछ भन्ने स्थानीयले महसुस गरेछन् । राजा बिदा हुने बेला स्थानीयले हार्दिकताका साथ यमच्छोको नाम सोही दिनदेखि विरेन्द्रको नामबाट राखिदिएको र त्यो सुनेर उहाँ खुसी हुनुभएको थियो ।

यो इतिहासबारे चुमनुब्री गाउँपालिका-१ का पूर्वअध्यक्ष वीरबहादुर लामाले सुनाउनुभएको हो । सामागाउँभन्दा केही माथि मनास्लुको काखमा अवस्थित यही सुन्दर ताललाई त्यसपछि सबैले वीरेन्द्र ताल भन्न थालेको उहाँले बताउनुभयो ।

त्यही बेलादेखि मनास्लु क्षेत्र पर्यटकको रोजाइमा पर्नुका मुख्य आकर्षणमध्य यो ताल पनि पर्ने गरेको स्थानीयको भनाइ छ। गत वर्ष २०८२ मा यहाँ करिब १५ हजार विदेशी पर्यटकले मनास्लु क्षेत्र भ्रमण गरेकामा दुईतिहाइभन्दा धेरैले सामागाउँ (नुब्री भ्याली) भ्रमण गरेको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) को तथ्याङ्कमा उल्लेख छ । यसरी बर्सेनि ठूलो संख्यामा पर्यटक सामागाउँ भ्रमण गर्नुको मुख्य उद्देश्य वीरेन्द्र ताल सामागाउँ र मनास्लु हिमाल रहेको स्थानीय मिङ्मार छिरिङ लामाले बताउनुभयो । पछिल्लो समय समुद्री सतहबाट करिब तीन हजार ६९१ मिटर उचाइमा अवस्थित वीरेन्द्र ताल मनास्लु पदयात्रामा आउनेहरूको रोजाइमा पर्न थालेको उहाँले सुनाउनुभयो ।

सामागाउँबाट करिब आधा घण्टा पैदल हिँडेर वीरेन्द्र ताल पुग्न सकिन्छ। यसलाई स्थानीयले 'यामच्छो' भन्छन् । यामच्छो तिब्बती शब्द हो भने यसको अर्थ 'माथिल्लो ताल' हुने गरेको जानकारहरू बताउँछन् ।

वीरेन्द्र ताल चारैतिर कडा चट्टानले घेरिएको छ । माथिपट्टि सेता हिमाल फेटा बनेर टल्किएका छन् । यहाँ पुग्न गोरखा सदरमुकामबाट एक दिन मोटरमा र तीन दिन पैदल हिँड्नुपर्नेएमक्यापकाभुवनराजओझाले बताउनुभयो । सदरमुकामबाट सिर्दिबाससम्म मोटरमा र सिर्दिबासबाट तीन दिन पैदल हिँडेर सामागाउँ पुग्न सकिने उहाँले जानकारी दिनुभयो ।

वीरेन्द्र ताल मुख्यगरी पुङ्गेन ग्ल्यासियर (हिमनदी)बाट पग्लिएर आउने पानी र हिउँबाट बनेको छ। पुङ्गेन शब्द तिब्बती भाषाको 'फुन ग्यान'बाट बनेको हो, जसको अर्थ तीन चुचुराहरू हो। पुङ्गेनको अर्थ 'रक्षक देवता'समेत रहेको स्थानीय मिङ्मार छिरिङको भनाइ छ। उहाँका अनुसार सन् १९५० अघि सामागाउँवासीले मनास्लु आरोहण गर्दा पुङ्गेन देवता रिसाउने डरले कसैलाई पनि आरोहण गर्न दिँदैनथे । त्यसैकारण जापानबाट मनास्लु आरोहण गर्न आएका टोलीलाई सामागाउँवासीले तीनपटकसम्म आरोहणमा रोक लगाएको उहाँले सुनाउनुभयो ।

अचेल भने मनास्लु हिमाल आरोहणमा कुनै रोक छैन । हरेक वर्ष सयौँले हिमाल आरोहण गर्ने गरेका छन् । मनास्लु हिमाल आरोहणका लागि जाँदा वीरेन्द्र ताल हुँदै बेसक्याप जानुपर्ने हुन्छ । सो तालबाट मनास्लु बेसक्यापसम्म जान चार घण्टा पैदल हिँड्नुपर्ने स्थानीय बताउँछन् ।

वैज्ञानिक अध्ययनका अनुसार वीरेन्द्र तालको क्षेत्रफल निरन्तर बढिरहेको छ। सन् १९८८ मा शून्य दशमलव ०९ वर्ग किलोमिटर रहेको यस तालको आकार बढेर सन् २०२४ मा शून्य दशमलव २२ वर्गकिलोमिटर पुगेको छ। जलवायु परिवर्तका कारण हिमनदीहरू तीव्र रूपमा पग्लँदा यस तालको क्षेत्रफल बढेको अध्ययनले देखाएको छ । यसअघि, विसं २०८१ मा हिमपहिरोका कारण वीरेन्द्र तालको पानी बाहिर उछिट्टिएर पुललगायत केही भौतिक संरचना नष्ट भएका थिए। रासस

# अर्घाखाँचीमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या चार, सत्ताइस जना घाइते



अर्घाखाँची । अर्घाखाँचीको पाणिनी गाउँपालिकाको दुर्गाफाँट कुरुलेमा भएको बस दुर्घटनामा मृत्यु हुनेको स~्या चार पुगेको छ भने २७ जना घाइते भएका छन् ।

स ि न ध ख क ँ घुम्ती तानसेन पाल्पा सडकखण्डअन्तर्गत पाणिनी ८ को कुरुलेफाट नजिक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै, एक जनाको उपचारका क्रममा अर्घाखाँची अस्पताल र चालकको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव उपरीक्षक दिवसबहादुर जिसीले बताउनुभयो ।

घटनामा मृत्यु हुनेमा कास्कीको पोखरा महानगरपालिका-१९ बस्ने ७८ वर्षीया राममाया बस्नेत, ७८ वर्षीया विन्दु कुँवर, पर्वत जिल्लाको मोदी गाउँपालिका-५ की ५० वर्षीया कौशिला रेग्मी र मोदी गाउँपालिका-५ का बसचालक ४५ वर्षीय रमेश जिसी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी झलक शर्माले जानकारी दिनुभयो ।

घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको छ भने घाइतेहरूको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पा र भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको छ। अर्घाखाँची अस्पतालका घाइते पनि उपचारका लागि भैरहवा मेडिकल कलेज पठइएको छ ।

घटनामा अधिकांश मोदी गाउँपालिका पर्वतका मानिसहरू परेको प्रहरीको भनाइ छ ।

सुपा देउराली दर्शन गरी पर्वत फर्किंदै गरेको पर्वतको ध१ख ५०४ नम्बरको गाडी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख जिसीले जानकारी दिनुभयो ।

प्रारम्भिक जानकारीअनुसार गाडीको 'ब्रेक फेल' भएर दुर्घटना भएको र बस सडकबाट जङ्गलमा लगभग १०० मिटर तल खसेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

घटनास्थलमा प्रमुख जिसीको कमान्डमा खटिएको प्रहरीको टोली र स्थानीयले उद्धार गरेको पाणिनी गाउँपालिकाका पूर्वअध्यक्ष अच्युत गौतमले जानकारी दिनुभयो । रासस

# पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पेश



काठमाण्डु। प्रतिनिधिसभाको मंगलबारको बैठकमा नेपाल सरकार र गणतन्त्र भारत सरकारबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पेस गरिएको छ । बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पेस गर्नुभएको हो ।

नेपाल सरकार-भारत सरकारबीच २०८२ वैशाख ५ गते नेपाल सन्धि ऐन, ४७ को ६ बमोजिम सम्पन्न भएको सम्झौतामा भएको थियो । सोही ऐनको दफा १० अनुसार फौजदारी कार्यको अनुसन्धान र अभियोजनलगायत न्यायिक कारबाहीलाई पारस्परिक कानुन सहायताको माध्यमबाट प्रभावकारी तथा सहज बनाउनका लागि सम्झौता भएको हो ।

मन्त्री गौतमले दुई देशबीचको यो सम्झतौताबाट अपराधीलाई सजाय दिन र अपराधबाट कमाएको सम्पत्ति फिर्ता ल्याउनसमेत सहयोग बताउनुभयो । उहाँले सम्झौताको कार्यान्वयनबाट विधिको शासन सुदृढीकरण गर्न तथा न्याय प्रशासन संस्थापन समन्वय अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको बताउनुभयो ।

मन्त्री गौतमले सम्झौता कार्यान्वयनबाट नेपालमा हुने वित्तीय अपराध नियन्त्रण, अनुसन्धान, अभियोजन, न्याय निरूपणलाई थप प्रभावकारी बनाउने कोसेढुङ्गा साबित हुने र सम्पत्ति शुद्धीकरणका तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने कार्यलाई पारस्परिक सहयोग गर्ने महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ । रासस

# एनआरएनएद्वारा सरकारको नीति तथा कार्यक्रमको स्वागत




काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको स्वागत गरेको छ। मंगलबार एनआरएनएका प्रवक्ता सोमनाथ सापकोटाद्वारा जारी विज्ञप्तिमा नीति तथा कार्यक्रममा समेटिएका विषयको स्वागत गरिएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सोमबार सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत नीति तथा कार्यक्रम गैरआवासीय नेपालीलाई उच्च प्राथमिकताका साथ समेटिनु अत्यन्त सकारात्मक कदम भएको विज्ञप्तिमा उल्लेख छ।

"विश्वका विभिन्न देशहरूमा आफ्नो मिहिनेत, ज्ञान, सीप, अनुभव र क्षमतामार्फत पहिचान बनाइरहेका लाखौं नेपालीहरूको भावना, योगदान र सम्भावनालाई राज्यले औपचारिक रूपमा स्वीकार गर्दै राष्ट्रिय विकासको मूलप्रवाहसँग जोड्ने स्पष्ट प्रतिबद्धता व्यक्त गर्नु आफैँमा स्वागतयोग्य विषय हो", विज्ञप्तिमा भनिएको छ।

विशेषगरी 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गर्ने घोषणा, प्रवासमा रहेका नेपालीहरूको पुँजी, सीप, अनुभव, प्रविधि तथा अन्तरराष्ट्रिय नेटवर्कलाई नेपालको सामाजिक तथा आर्थिक विकाससँग जोड्ने सरकारको सोचले नयाँ आशा र भरोसा अभिवृद्धि गरेको विज्ञप्तिमा उल्लेख छ । "आज विश्वभर रहेका नेपालीहरू केवल रेमिट्यान्सको स्रोतमात्र होइनन्, ज्ञान, प्रविधि, नवप्रवर्तन, उद्यमशीलता, अन्तरराष्ट्रिय पहुँच र विश्वव्यापी ज्ञान र अनुभवका विशिष्ट वाहक हुन् भन्ने यथार्थलाई नीति तथा कार्यक्रमले अङ्गीकार गर्नु आफैँमा सकारात्मक पहल हो", एनआरएनएले भनेको छ।

यसैगरी, पुँजीबजार सुधार, धितोपत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना, संस्थागत लगानी विस्तार, पूर्वाधार बन्ड, ऋण तथा बन्डबजार विकास, जोखिम व्यवस्थापन प्रणाली सुदृढीकरणलगायत कार्यक्रमले नेपालमा लगानीमैत्री वातावरण निर्माण गरी दीर्घकालीन आर्थिक स्थायित्व र आर्थिक रूपान्तरणको आधार तयार गर्ने विश्वास व्यक्त गरिएको छ।

गैरआवासीय नेपालीहरूको लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताले प्रवासी नेपालीहरूलाई नेपालमा लगानी विस्तार गर्न थप प्रेरित गर्ने प्रवक्ता सापकोटाले उल्लेख गर्नुभएको छ।


"गैरआवासीय नेपालीहरूको नागरिकता, वित्तीय पहुँच, लगानी सुरक्षा तथा लोकतान्त्रिक अधिकारसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था थप सुदृढ गर्ने विषय पनि महत्त्वपूर्ण छ", विज्ञप्तिमा उल्लेख छ। रासस

## प्रधानमन्त्री सदनबाट बाहिरिनुभएको सम्बन्धमा कांग्रेसले माग्यो जवाफ

काठमाण्डु। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गरिहनुभएको समयमा प्रधानमन्त्री वालेन्द्र शाह बैठकबाट बाहिरिनुभएको विषयमा जवाफ माग गरेको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको प्रारम्भमै कांग्रेसका सांसदहरू आसनमा उभिएपछि सभामुख डोलप्रसाद अर्यालले सो पार्टीका प्रमुख सचेतक वासना थापालाई बोल्न समय दिनुभएको थियो ।

प्रमुख सचेतक थापाले भन्नुभयो, "राष्ट्रपतिज्यूबाट सम्बोधन भइरहेको समयमा प्रधानमन्त्री शाह सदनबाट बाहिरिनु सामान्य विषय नभई गम्भीर विषय हो, यसबारेमा सरकारका तर्फबाट स्पष्ट जवाफ चाहियो ।"रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# एसईई नतिजा सकारात्मक

२०८३ सालको एसईई परीक्षाको नतिजा सरकारले २९ दिनमै प्रकाशन गराउन सफल भएको छ ।विगतमा दुई महिना अथवा त्यो भन्दा पनि बढी समय लाग्ने एसईईको नतिजा यस पटक समयमै प्रकाशन हुँदा विद्यार्थीहरु खुशी छन् ।शिक्षाको नयाँ क्यालेण्डर बनाउनसमेत यसले मद्दत मिल्नेछ ।एसईई परीक्षाको नतिजामा पनि सकारात्मक सुधार आएकोछ । गत वर्षको तुलनामा परीक्षाको नतिजा झण्डै ५ प्रतिशतले सुधार भएको छ । देशभरिका १ हजार ९ सय ६६ परीक्षा केन्द्रबाट ५ लाख १२ हजार ४ सय २१ जना एसईई परीक्षामा सम्मिलित भएका थिए ।जपानबाट पनि एसईई परीक्षामा २३ सहभागी भएका थिए ।राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजा ६५ दशमलव ९८ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । यसपालि अघिल्लो वर्षभन्दा ४.१७ प्रतिशतले नतिजामा सुधार आएको हो । गत वर्ष एसईईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । यसअघि सरकारले परीक्षा सकिएको एक महिनाभित्रै नतिजा प्रकाशन गर्ने घोषणा गरेको थियो । चाँडो नतिजा प्रकाशन गर्न परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण व्यवस्था मिलाइएको थियो । बोर्डले परीक्षा सकिएको २९ दिनमा सोमबार राति एसईईको नतिजा सार्वजनिक गरेको हो ।चैत महिनाको १९ गतेदेखि २९ गते सम्म परीक्षा चलेको थियो । जसमा २ लाख ५७ हजार ६ सय १३ जना छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना  सहभागी भएका थिए । जापानको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । देशभर १ हजार ९ सय ६६ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो ।एसईईको परीक्षा भएकै दिन सम्बन्धित विषयको कपि जाँच परीक्षा केन्द्रमा नै गर्ने प्रबन्ध मिलाइएको थियो ।त्यसले परीक्षाको नतिजा समयमै निकाल्न सहज भएको थियो ।परीक्षाको नतिजा समयमै प्रकाशन भएसँगै अब राष्ट्रिय परीक्षा बोर्डले कक्षा ११ मा नामांकनको व्यवस्थासमेत समयमै गर्न सक्छ ।परीक्षा बोर्डले कक्षा १२ सम्मको क्यालेण्डरलाई मिलाउनु पर्ने अवस्था देखिएको छ ।एसईई परीक्षामा ग्रेड बाहिर परेका विद्यार्थीका लागि मौका परीक्षाको प्रबन्ध पनि चाँडै मिलाएको छ ।एसईई परीक्षा अब विगतको जस्तो फलामको ढोका छैन् ।एसईई परीक्षाबाट विगतमा विद्यार्थीहरु तर्सिने गरेका थिए ।तर अब त्यो सामान्य जस्तो भएको छ ।मधेश प्रदेशका लागि नतिजा कमजोर नै देखिएको छ ।एसईईको समग्र नतिजामा मधेश प्रदेशको अवस्था पछाडि छ ।मधेश प्रदेशमा शिक्षालाई सुधार गर्न अत्यावश्यक छ । सरकारले गम्भीरतापूर्वक लिनु पर्छ ।

## मधेश प्रदेशमा विद्यालय बाहिर रहेका बालबालिकाको समस्याः

# चुनौती, कारण र दीर्घकालीन समाधान

**सुरेश खतिवडा, सिन्धुली**

### परिचय

नेपालको शिक्षा क्षेत्रमा पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति भए तापनि मधेश प्रदेशलगायत तराई क्षेत्रमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या अझै चिन्ताको विषय बनेको छ। संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार संस्था तथा गैरसरकारी निकायहरूले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, भर्ना अभियान र पुनः स्कुलिङ्गका कार्यक्रम सञ्चालन गर्दै आएका छन्। तथापि, समस्या अपेक्षित रूपमा समाधान हुन सकेको छैन। विशेषतः गरिबी, कमजोर जनचेतना, सामाजिक मान्यता, बालश्रम, बालविवाह, भाषिक तथा सांस्कृतिक विविधता, र शैक्षिक स्रोत-साधनको कमीले मधेश प्रदेशमा सिकाइ उपलब्धिको अवस्था कमजोर देखिएको छ।

यस समस्यालाई केवल “विद्यालय भर्ना” को दृष्टिकोणबाट मात्र नभएर, “निरन्तर सिकाउने र विद्यालयमा टिकाउने” दृष्टिकोणबाट हेरिनु आवश्यक छ। त्यसैले दिगो समाधानका लागि बहुआयामिक र स्थानीय सन्दर्भअनुकूल रणनीति आवश्यक देखिन्छ।

### विद्यमान अवस्थाका प्रमुख कारणहरू

- **गरिबी र आर्थिक बाध्यता**

मधेश प्रदेशका धेरै परिवार न्यून आयमा निर्भर छन्। धेरै अभिभावकले बालबालिकालाई विद्यालय पठाउनुको सट्टा घरेलु काम, कृषि श्रम वा मजदुरीमा संलग्न गराउँछन्। कतिपय अवस्थामा विद्यालयमा प्रत्यक्ष खर्च नलागे पनि पोशाक, कपीकलम, यातायात तथा अन्य लागतले शिक्षा महंगो अनुभव हुन्छ।

- **जनचेतनाको कमी**

शिक्षाको दीर्घकालीन महत्त्वबारे धेरै समुदायमा चाहेर या नचाहेर, पाएर अथवा नपाएर अझै पर्याप्त चेतना विकसित हुन सकेको छैन। विशेषगरी छोरीहरूको शिक्षाप्रति केही समुदायमा अझै पनि कमजोर प्राथमिकता देखिन्छ।

- **बालविवाह र लैङ्गिक असमानता**

तराई-मधेश क्षेत्रमा बालविवाहको समस्या अझै विद्यमान छ, जसले किशोरीहरूको विद्यालय छोड्ने दर बढाउँछ। विद्यालयमा सुरक्षित, समावेशी तथा लैङ्गिकमैत्री वातावरणको अभावले पनि असर पुर्याउँछ।

- **भाषिक तथा सांस्कृतिक अवरोध**

मधेश प्रदेश भाषिक रूपमा विविध क्षेत्र हो। विद्यालयमा शिक्षण भाषा र बालबालिकाको मातृभाषाबीच असमानता हुँदा प्रारम्भिक सिकाइ कमजोर बन्न सक्छ, जसले उनीहरूलाई विद्यालयप्रति निरुत्साहित बनाउँछ।

- **कमजोर शैक्षिक गुणस्तर**

विद्यालयमा शिक्षकको नियमितता, सिकाइ सामग्रीको उपलब्धता, प्रभावकारी शिक्षण पद्धति र बालमैत्री वातावरणको अभावले सिकाइ उपलब्धि कमजोर हुन्छ। जब अभिभावकले शिक्षा उपयोगी देख्दैनन्, विद्यालयप्रतिको विश्वास घट्न सक्छ।

- **कमजोर तथ्यांक र अनुगमन**

विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक तथ्यांक नियमित रूपमा अद्यावधिक नहुँदा लक्षित कार्यक्रम प्रभावकारी बन्न सक्दैनन्। पहिचान गरिए पनि निरन्तर फलो-अपको कमी देखिन्छ।

### सम्भावित समाधानका उपायहरू

- **समुदाय-आधारित पहिचान र पुनः स्कुलिङ्ग प्रणाली**

स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, महिला समूह, किशोर क्लब तथा समुदायका अगुवाहरूलाई संलग्न गराई घर-घर सर्वेक्षण प्रणालीलाई नियमित बनाउनुपर्छ। विद्यालय बाहिर



रहेका बालबालिकाको डिजिटल वा स्थानीय प्रोफाइल तयार गरी नियमित निगरानी गरिनुपर्छ।

- **लचिलो तथा वैकल्पिक सिकाइ कार्यक्रम**

सबै बालबालिकालाई एउटै औपचारिक विद्यालय प्रणालीले समेट्न सक्दैन। कामकाजी बालबालिका, स्थानान्तरण भइरहने परिवार वा विद्यालय छोडिसकेका बालबालिकाका लागि लचिलो समयसारिणी, वैकल्पिक शिक्षा तथा समुदाय सिकाइ केन्द्र प्रभावकारी हुन सक्छन्।

- **प्रारम्भिक बालविकास (ECD) र विद्यालय तयारी कार्यक्रमको विस्तार**

शोधहरूले देखाएका छन् कि प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी बालबालिका विद्यालयमा टिक्ने सम्भावना बढी हुन्छ। त्यसैले गुणस्तरीय भ्क्ष्म् कार्यक्रमको पहुँच विशेषतः सीमान्तकृत समुदायमा विस्तार आवश्यक छ।

- **मातृभाषामा आधारित बहुभाषिक शिक्षा**

प्रारम्भिक कक्षामा स्थानीय मातृभाषालाई सहायक माध्यम बनाउँदा बालबालिकाको सिकाइ सहभागिता बढ्छ। मधेश प्रदेशमा मैथिली, भोजपुरी, बजिका, अवधी लगायत भाषाको उपयोगले सिकाइलाई थप समावेशी बनाउन सक्छ।

- **आर्थिक प्रोत्साहन र सामाजिक सुरक्षा**

अत्यन्त गरिब परिवारका बालबालिकालाई लक्षित गरी छात्रवृत्ति, दिवा खाजा, शैक्षिक सामग्री सहयोग, तथा सशर्त नगद हस्तान्तरण (Conditional Cash Transfer) कार्यक्रम प्रभावकारी हुन सक्छ।

उदाहरणका लागि, नियमित विद्यालय उपस्थितिलाई सामाजिक सुरक्षा कार्यक्रमसँग जोड्न सकिन्छ।

- **अभिभावक र समुदायमा व्यवहार परिवर्तन अभियान**

केवल भर्ना अभियानले पर्याप्त हुँदैन। शिक्षा किन आवश्यक छ भन्नेबारे समुदायमा दीर्घकालीन संवाद, अभिभावक शिक्षा कार्यक्रम तथा स्थानीय धार्मिक-सामाजिक नेतृत्वको परिचालन आवश्यक हुन्छ।

- **शिक्षक क्षमता अभिवृद्धि र सिकाइ सुधार**

विद्यालयमा शिक्षकको नियमितता, समावेशी शिक्षण विधि, बहुभाषिक शिक्षण, तथा बालमैत्री कक्षाकोठा व्यवस्थापनमा निरन्तर क्षमता विकास आवश्यक छ। गुणस्तरीय सिकाइ भएमा विद्यालयप्रति आकर्षण स्वतः बढ्छ।

- **बहु–क्षेत्रीय (Multi–sectoral) समन्वय**

विद्यालय बाहिरको समस्या केवल शिक्षा क्षेत्रको मात्र होइन; यो गरिबी, स्वास्थ्य, पोषण, बाल संरक्षण र सामाजिक संरचनासँग जोडिएको विषय हो। त्यसैले शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, सामाजिक विकास तथा स्थानीय सरकारबीच एकीकृत योजना आवश्यक छ।

### दीर्घकालीन रणनीतिक दृष्टिकोण

मधेश प्रदेशमा विद्यालय बाहिर रहेका बालबालिकाको समस्या समाधान गर्न “भर्ना गराउने” भन्दा “सिकाइ सुनिश्चित गर्ने” दृष्टिकोण आवश्यक छ। दिगो समाधानका लागि स्थानीय सरकारको स्वामित्व, तथ्यमा आधारित योजना, समुदाय सहभागिता, समावेशी र गुणस्तरीय शिक्षा, तथा सामाजिक-आर्थिक समर्थन प्रणाली अपरिहार्य छन्।

यदि शिक्षा प्रणालीले स्थानीय आवश्यकता, भाषा, संस्कृति र गरिबीको यथार्थलाई सम्बोधन गर्न सकेन भने विद्यालय बाहिर रहेका बालबालिकाको समस्या दोहोरिइरहनेछ।

### निष्कर्ष

मधेश प्रदेशमा विद्यालय बाहिर रहेका बालबालिकाको समस्या केवल शैक्षिक चुनौती मात्र होइन, सामाजिक न्याय र मानव विकाससँग प्रत्यक्ष जोडिएको विषय हो। सरकारी तथा गैरसरकारी प्रयासहरू प्रशंसनीय भए पनि अझै दीर्घकालीन, समन्वित र सन्दर्भअनुकूल रणनीतिक हस्तक्षेप आवश्यक छ। विशेषगरी गरिबी न्यूनीकरण, जनचेतना अभिवृद्धि, मातृभाषामा सिकाइ, वैकल्पिक शिक्षा र समुदाय-आधारित अनुगमन प्रणालीलाई सुदृढ गर्न सके विद्यालय बाहिर रहेका बालबालिकालाई मूलधारमा ल्याउन सकिन्छ। यसले मधेश प्रदेशको सिकाइ उपलब्धिमा सुधार ल्याई समावेशी तथा न्यायपूर्ण शिक्षा प्रणाली निर्माणमा योगदान पुर्याउनेछ। यो विषयमा गम्भीर, व्यवहारिक र दिगो प्रयास आजको आवश्यकता हो।

# “पीडितकै लागि मिलापत्र नबनोस् पासो”



**राजेश विद्रोही**

केही दिनअघि सिरहामा घटेको एउटा घटनाले मधेश समाजभित्र गहिरिँदै गएको सामाजिक, कानुनी र मानवीय सङ्कटलाई फेरि उजागर गरेको छ । यादव थरका १९ वर्षीय युवकले थारू समुदायकी १३ वर्षीया बालिकालाई स्कुल पुर्याइदिन्छु भन्दै मोटरसाइकलमा राखेर लिएर जान्छ तर स्कुलमा नपुर्याई उनलाई एउटा होटलमा लगेर जबर्जस्ती गर्छन् । त्यो सम्बन्ध सहमतिमा थियो कि जबर्जस्ती, अनुसन्धानको विषय हुनसक्छ ।

नेपालको कानुनले २० वर्षभन्दा कम उमेरकी बालिकासँग भएको कुनै पनि यौन सम्बन्धलाई सहमतिको आधारमा वैध मान्दैन किनकि २० वर्षभन्दा कम उमेरका बालबालिकाले यौनसम्बन्धका लागि कानुनी सहमति दिन सक्दैनन् । घटनापछि बालिका पारिवारिक डर, लाज र सामाजिक त्रासका कारण चुप लागेर बस्छिन् । समय बित्दै जाँदा गर्भ रहन्छ । परिवारले थाहा पाएपछि प्रहरीमा उजुरी पर्छ । प्रहरीले युवकलाई पक्राउ गर्छ तर भोलिपल्टै गाउँका अगुवा, दुवै पक्षका अभिभावक र स्थानीय भलादमीहरू प्रहरी चौकीमा भेला भएर मिलापत्रको बाटो खोज्न थाल्छन् । अन्ततः युवकले बालिकालाई स्वीकार्ने र विवाह गरेर घर भित्र्याउने सहमति हुन्छ । प्रहरी पनि कानुनी प्रक्रिया अघि बढाउनुको सट्टा प्रहरी चौकी बाहिर मिलाउनुस् भन्दै दुवैलाई अभिभावकको जिम्मा लगाउँछ ।

केही महिनापछि बालिकाले शल्यक्रियामार्फत छोरी जन्माउँछिन् । उमेर सानो भएकाले शारीरिक जटिलता आउँछ, दूधसमेत आउँदैन । बच्चा बाहिरी दूधको भरमा बाँच्छ । उता बालिकामाथि घरभित्र मानसिक हिंसा सुरु हुन्छ । बच्चा राख्ने, तिमीलाई नराख्ने भन्दै सासूले दबाब दिन्छिन् । युवकलाई विदेश पठाउने तयारी हुन्छ । बालिका न माइतीकी रहन्छिन्, न घरकी । उनले पटकपटक आत्महत्या गर्ने प्रयास गर्छिन् । पटकपटक कोशी नदीमा हामफाल्न खोजे पनि बच्चालाई सम्झेर फर्किन्छिन् । यो कुरा माइतीमा पुग्छन् । अन्ततः उनकी आमाले फेरि प्रहरी चौकीमा उजुरी दिन खोज्दा प्रहरी उजुरी नै लिन मान्दैन ।

यो एउटा प्रतिनिधि घटनामात्र हो । मधेसका धेरै गाउँहरूमा यस्ता घटना सामान्य सामाजिक अभ्यासझैँ बनिरहेका छन् । गाउँको पञ्चायत, स्थानीय नेताहरू र कहिलेकाहीँ प्रहरीसम्मको मिलेमतोमा बलात्कार, बालविवाह र बाल यौनशोषणलाई मिलापत्रमा टुङ्ग्याउने प्रवृत्ति बढ्दो छ । यसको सबैभन्दा ठूलो पीडित गरिब, दलित, जनजाति र सीमान्तकृत समुदायका बालिकाहरू भइरहेका छन् ।

नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई हिंसामुक्त जीवन, शिक्षा, स्वास्थ्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । संविधानको धारा ३९ ले बालबालिकाविरुद्ध हुने शोषण, बालविवाह र हिंसालाई स्पष्ट रूपमा निषेध गरेको छ । त्यस्तै मुलुकी अपराध संहिता २०७४ अनुसार २० वर्षभन्दा कम उमेरकी बालिकासँग यौनसम्पर्क राख्नु जबर्जस्ती करणी मानिन्छ । बालिकाले सहमति दिएको भनिए पनि त्यो कानुनी रूपमा मान्य हुँदैन ।

विद्यमान कानुनअनुसार १० वर्षभन्दा बढी र २० वर्षभन्दा कम उमेरकी बालिकामाथि जबर्जस्ती करणी भएमा १८ देखि २० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । यहाँ पीडित बालिका केवल १३ वर्षकी छिन् । त्यसैले यो घटना स्पष्ट रूपमा गम्भीर फौजदारी अपराधभित्र पर्छ । यस्तो मुद्दा मिलापत्र हुन नसक्ने अर्थात् राज्यविरुद्धको अपराध हो तर व्यवहारमा गाउँको सामाजिक दबाब, जातीय शक्ति सन्तुलन, गरिबी, अशिक्षा र पितृसत्तात्मक सोचका कारण यस्ता घटना अदालत पुग्नै पाउँदैनन् ।

नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने प्रत्येक वर्ष बलात्कार तथा बाल यौन शोषणका हजारौँ घटना दर्ता हुन्छन् । प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै दुई हजार ३०० भन्दा बढी बलात्कारका मुद्दा दर्ता भएका थिए । तीमध्ये ठूलो हिस्सा बालिकामाथिका घटनाहरू थिए । राष्ट्रिय महिला आयोग र विभिन्न मानवअधिकार संस्थाहरूका अनुसार मधेस प्रदेशमा बालविवाह र बाल यौन शोषणको दर अझै उच्च छ ।



युनिसेफको तथ्याङ्कअनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका करिब ३३ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको छ । मधेस प्रदेशमा यो दर अझै बढी छ । बालविवाहसँगै किशोरी गर्भावस्था, मातृमृत्यु, विद्यालय छोड्ने समस्या र घरेलु हिंसा गम्भीर रूपमा जोडिएका छन् । तेह्र वर्षको उमेरमा गर्भवती हुनु आफैँमा अत्यन्त जोखिमपूर्ण अवस्था हो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार १५ वर्षभन्दा कम उमेरका किशोरीमा गर्भधारण हुँदा मृत्युको जोखिम धेरै हुन्छ । शारीरिक रूपमा पूर्ण विकसित नभएकाले प्रसूति जटिलता, रक्तश्राव, कुपोषण र मानसिक आघातको सम्भावना उच्च हुन्छ । सिरहाको यो घटनामा पनि बालिकाले शल्यक्रियाबाट बच्चा जन्माउनुपरेको छ । यो केबल एउटा व्यक्तिगत पीडा होइन्, राज्य र समाजको असफलताको प्रमाण हो ।

सबैभन्दा दुःखद् पक्ष भनेको पीडितले न्याय खोज्न जाँदा राज्य संयन्त्र नै उदासिन बन्नु हो । कानुनअनुसार प्रहरीलाई कुनै पनि फौजदारी अपराधको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकार छैन । यदि प्रहरी कार्यालयले उजुरी लिन मानेन भने पीडितले जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, राष्ट्रिय महिला आयोग वा अदालतसम्म जान सक्छिन् । तर गरिब, अशिक्षित र सामाजिक रूपमा कमजोर परिवारका लागि यी कानुनी बाटाहरू सजिला छैनन् । उनीहरू स्थानीय शक्ति संरचना, आर्थिक अभाव र सामाजिक बदनामीको डरले दबिन्छन् ।

मधेस समाजमा अहिले पनि इज्जत जोगाउने नाममा बलात्कारका घटनालाई विवाहमार्फत समाधान गर्ने प्रवृत्ति बलियो छ । धेरै अभिभावकहरू छोरीको भविष्यभन्दा सामाजिक बदनामीबाट डराउँछन् । परिणामतः पीडित बालिकालाई नै अपराधीसँग बाँधिन्छ । यस्तो विवाह प्रेम वा सहमतिमा होइन, दबाब र असमान शक्तिसम्बन्धको आधारमा हुन्छ । त्यसैले त्यहाँ हिंसा, दमन र मानसिक यातना दोहोरिइरहन्छ ।

यहाँ अर्को गम्भीर प्रश्न पनि उठ्छ, प्रहरी चौकीमै मिलापत्रको वातावरण बनाइन्छ, त्यसले अपराधीलाई संरक्षण र पीडितलाई निरुत्साहित हुने काम त भएको छैन ? प्रहरीको दायित्व अपराध अनुसन्धान गरेर कानुनी प्रक्रिया अघि बढाउनु हो, गाउँको सामाजिक दबाबअनुसार अपराध मिलाउनु होइन । नेपालमा बलात्कार मुद्दा मिलापत्र गर्न नपाइने कानुनी व्यवस्था छ । सर्वोच्च अदालतले पनि विभिन्न फैसलामार्फत यौन हिंसाका मुद्दामा सामाजिक मिलापत्रलाई गैरकानुनी भनेको छ । तर व्यवहारमा अझै पनि स्थानीय तहदेखि प्रहरीसम्म सम्झौता गर्ने परिपाटी धेरै छ । विशेषगरी मधेसका ग्रामीण क्षेत्रमा जातीय शक्ति सम्बन्ध, आर्थिक असमानता र पितृसत्तात्मक सोचले न्याय प्रणालीलाई कमजोर बनाइरहेको छ ।

यस समस्याको समाधान केबल कानुन बनाएरमात्र सम्भव छैन । पहिलो कुरा, प्रहरी प्रशासनलाई उत्तरदायी र संवेदनशील बनाउनुपर्छ । बाल यौनशोषणका घटनामा उजुरी नलिने वा मिलापत्र गराउने प्रहरीमाथि कारबाही हुनुपर्छ । दोस्रो, स्थानीय तह, विद्यालय र समुदायमा बालविवाह तथा यौन हिंसाविरुद्ध व्यापक जनचेतना अभियान आवश्यक छ । तेस्रो, पीडित बालिकाका लागि सुरक्षित आश्रय, मनो-सामाजिक परामर्श, स्वास्थ्य सेवा र कानुनी सहायता सुनिश्चित गर्नुपर्छ । राज्यले यस्ता बालिकालाई केबल केसको रूपमा होइन, अधिकारविहीन नागरिकको रूपमा हेर्नुपर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ्य, पुनर्स्थापना र सम्मानित जीवनको अवसर दिनुपर्छ । नत्र प्रत्येक गाउँमा यस्तै मिलापत्रको पासोमा हजारौँ बालिकाको भविष्य बर्बाद भइरहनेछ ।

सिरहाकी ती १३ वर्षीया बालिका अहिले आफ्नै बच्चालाई भेट्नसमेत नपाउने अवस्थामा छिन् । उनी नाबालिका हुन्, पीडित हुन्, न्याय खोजिरहेकी नागरिक हुन् तर समाजले उनलाई अपराधीझैँ व्यवहार गरिरहेको छ । यही नै हाम्रो सामाजिक संरचनाको क्रूर यथार्थ हो । जब बलात्कारलाई विवाहले ढाकिन्छ तब न्याय मर्छ । जब प्रहरी चौकीमा पञ्चायत बस्छ, तब कानुन हार्छ । जब पीडित बालिका आत्महत्या सोच्न बाध्य हुन्छिन्, तब राज्यको नैतिकता समाप्त हुन्छ । त्यसैले अब प्रश्न केबल एउटा घटनाको होइन । प्रश्न यो हो- के हामी बालिकाको जीवन बचाउने समाज निर्माण गर्दैछौँ कि अपराधलाई मिलापत्रको नाममा वैधता दिने समाज ? यदि राज्य, समाज र न्याय प्रणाली अहिले पनि मौन बसिरहने हो भने मिलापत्र वास्तवमा न्यायको होइन्, पीडितहरूको जीवन निल्ने पासो बनेर रहिरहनेछ ।

# कांग्रेसभित्र कसैलाई पक्षपात हुँदैनः महामन्त्री घिमिरे



चितवन। नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले कसैलाई पनि पार्टीभित्र पक्षपात नहुने बताउनुभएको छ। आज यहाँ पत्रकारहरूसँग उहाँले पार्टीभित्र परम्परागत गुट नभएको र कुनै पनि आधारमा कसैलाई पक्षपात नगरी १५औँ महाधिवेशमा जाने बताउनुभयो।

महामन्त्री घिमिरेले भन्नुभयो, "पार्टीभित्र मतभेद देखिन्छन्। त्यसलाई सम्बोधन गर्दै सबैलाई समेट्ने कुरामा हामी तयार रहेका छौँ। पार्टीमा अवसर, भूमिका दिने र समेट्न उदारतापूर्वक सबैको राजनीतिकभविष्यलाई सुनिश्चित राख्न हामी सचेत छौँ। हाल एकढिक्का भएर १५औँ महाधिवेशनकोतयारीमा लागिरहेका छौँ।"

हालै केन्द्रीय समितिमा मनोनयन गर्ने निर्णयले पनि सबैलाई मिलाएर लैजाने कुरामा आफूहरू तयार रहेको पुष्टि गरेको उहाँको भनाइ थियो। "पार्टीमा ६०-४० को र अस्वस्थ गुटबन्दीको गुनै गुञ्जायस छैन। पार्टी सबैको साझा थलो हो भन्ने कुरा स्थापित गरेर अघि बढ्छौँ", महामन्त्री घिमिरेले भन्नुभयो। रासस

# स्वास्थ्यमन्त्री मेहतासँग भारतीय राजदूत श्रीवास्तवको भेटवार्ता



काठमाण्डु। स्वास्थ्य, जनसङ्ख्या तथा खानेपानीमन्त्री निशा मेहतासँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटवार्तामा उहाँहरूबीच नेपाल र भारतबीच सदियौँदेखि रहिआएको ऐतिहासिक तथा प्रगाढ सम्बन्धका साथै स्वास्थ्य क्षेत्रमा जारी द्विपक्षीय सहकार्यका विविध आयाममाथि विचार-विमर्श भएको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो।

भेटमा मन्त्री मेहताले नेपालको स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकासमा भारत सरकारबाट प्राप्त निरन्तर सहयोग तथा सद्भावका लागि धन्यवाद व्यक्त गर्नुभयो।

त्यस क्रममा नेपालका राष्ट्रियस्तरका प्रमुख स्वास्थ्य विज्ञान प्रतिष्ठानको सुदृढीकरण, विशिष्टीकृत उपचार केन्द्रको स्थापना तथा समग्र स्वास्थ्य पूर्वाधार विकासमा आगामी दिनमा भारतीय सहयोग र सहकार्यलाई थप मजबुत बनाउने विषयमा छलफल भएको थियो। रासस

# कानुन, सुशासन र प्रशासनिक सुधारमा उल्लेख्य प्रयास भएको छः अर्थमन्त्री डा वाग्ले

काठमाण्डु। अर्थमन्त्री डा स्वर्णिम वाग्ले अर्थ मन्त्रालयमार्फत ३० दिनमा भएका महत्त्वपूर्ण कार्यबारे संसदीय समितिलाई जानकारी दिनुभएको छ। प्रतिनिधिसभाको अर्थ समितिको आजको बैठकमा उहाँले आर्थिक नीति तथा कानुन, सुशासन र प्रशासनिक सुधार, बजेट तथा सरकारी वित्त व्यवस्थापनलगायत विषयमा यसबीचमा महत्त्वपूर्ण काम भएको उल्लेख गर्नुभयो।

उहाँले पदबहालीपछिका ३० दिनमा दुई सय २६ निर्णय भएको र दैनिक औसतमा सात दशमलव ५३ निर्णय गरिएको बताउनुभयो।

अर्थमन्त्री डा वाग्लले दिएको जानकारीअनुसार यसबीचमा नेपालको वर्तमान आर्थिक स्थितिपत्र सार्वजनिक गरिएको छ। यस्तै, निजी उद्यम-व्यवसाय सुरक्षा एवं प्रवर्द्धन र ठूला विकास आयोजना सहजीकरणलगायत नयाँ विधेयक वा विद्यमान कानुन संशोधनको प्राथमिकीकरण तय गर्दै बृहत् आर्थिक-कानुनी सुधारको मार्गचित्रको मस्यौदा तयार भएको छ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावअनुरुप १५ वटा कानुन खारेज गर्ने निर्णय गरी सोको कार्यान्वयन अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो।

यस अवधिमा ठूला पूर्वाधारमा निजी तथा वैकल्पिक लगानी भित्र्याई अर्थतन्त्रलाई लगानीमैत्री बनाउन वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ प्रतिनिधिसभामा पेस गरिएको छ। अर्थमन्त्रीको पदबहालीको पहिलो दिन अर्थ मन्त्रालय मातहतको राजस्व अनुसन्धान विभाग खारेज गर्ने निर्णय भई सोको व्यवस्थापन अगाडि बढाइएको छ।



## सुशासन र प्रशासनिक सुधार

अर्थमन्त्री डा वाग्लेका अनुसार राष्ट्रसेवकलाई अर्धमासिक (महिनाको दुई पटक) रूपमा तलब उपलब्ध गराउने निर्णय महालेखा नियन्त्रक कार्यालयबाट यही वैशाख १६ मा कार्यान्वयनमा आएको छ। यस्तै, महालेखा नियन्त्रक कार्यालयमार्फत जुनसुकै स्थान वा घरबाट नै 'पेन्सनको 'भेरिफिकेसन' गर्न मिल्ने गरी 'ई–पेन्सन भेरिफिकसन' गर्ने प्रणाली विकास गरिएको, जसबाट कार्यालय वा बैङ्क जानुपर्ने बाध्यता अन्त्य भएको छ। अर्थ मन्त्रालय कर्मचारी आचारसंहिता, २०८३ लागू गरिएको छ।

यस्तै, सरकारको शासकीय सुधारको एक सय बुँदे कार्यसूचीमध्ये अर्थ मन्त्रालयबाट आर्थिक पक्षसँग सम्बन्धित विषयहरूको कार्यान्वयन कार्ययोजना तयार गरी सम्बन्धित निकाय/महाशाखालाई जिम्मेवारी तोकिएको छ। कार्यसूचीमध्येको बुँदा नं ९४ मा समावेश भएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोलाई सशक्तीकरण गर्नका लागि माग गरिएको बजेट निकासा गरिएको छ।

अर्थमन्त्री डा वाग्लेका अनुसार ' बहु-च्यानल' गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाउँदै गुनासो सुनुवाइ एवम् व्यवस्थापन गर्न 'क्यूआर कोड'सहितको 'डिजिटल' प्रणाली कार्यान्वयनमा ल्याइएको छ। साथै, पश्चिम एसिया सङ्कटको परिप्रेक्ष्यमा मितव्ययिता कार्यक्रमअन्तर्गत इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारी एवम् कर्मचारीको इन्धन सुविधालाई कटौती गर्ने गरी कार्यसञ्चालन निर्देशिका, २०८१ मा संशोधन गरिएको छ।

यही अवधिमा महालेखा नियन्त्रक कार्यालयको पाँचबर्से रणनीतिक योजना, २०८२ स्वीकृत भई लागू भएको छ।

## बजेट तथा सरकारी वित्त व्यवस्थापन

आर्थिक वर्ष २०८३/८४ को बजेट तयारी सम्बन्धमा सम्पूर्ण विभागीय मन्त्रीहरूसँग बजेटका प्राथमिकता, रणनीति, खर्च तथा स्रोतका सम्बन्धमा अर्थ मन्त्रालयमा सामूहिक छलफल भई मन्त्रालयगत विनियोजन अघि बढेको उहाँले जानकारी दिनुभयो।

गत चैतसम्ममा कुल २१ प्रतिशत मात्र पुँजीगत खर्च भएको अवस्थामा मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा संशोधन गरी पुँजीगत रकमको रकमान्तर गर्न सक्ने गरी सम्बन्धित मन्त्रालयका सचिव (लेखा उत्तरदायी अधिकृत) लाई अधिकार प्रत्यायोजन गरिएको छ। त्यसबाट सिर्जित दायित्व भुक्तानी गर्ने प्रयोजनका लागि मात्र पुँजीगत रकमको रकमान्तर गर्ने गरी हालसम्म पुँजीगततर्फ रोक्का/स्थगन बजेट जम्मा रू ४९ अर्ब ५६ करोड ९५ लाख १५ हजार फुकुवा गरिएको छ।

अन्तरसरकारी वित्त परिषद्को बैठक यही वैशाख ३ मा सम्पन्न भएको छ। उक्त बैठकमा विनियोजन कुशलता र पुँजीगत खर्चको प्रभावकारिताका लागि तीनै तहका सरकारबाट आयोजना बैङ्कको अवधारणा कार्यान्वयन गर्ने निर्णय भएको छ। आयोजनामा भएको दोहोरोपना र साना टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिको अन्त्य गर्न विकास आयोजनाहरूको निर्धारित 'थ्रेसहोल्ड' अनुसार बजेट विनियोजनको प्रबन्ध गर्नेलगायत निर्णय भएका छन्।

'एक्स्ट्रा बजेटरी' निकायको बैङ्क खाता, लेखा प्रणाली र वित्तीय प्रतिवेदन व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरिएको डा वाग्लेले समितिलाई जानकारी गराउनुभयो।

## राजस्व प्रशासन तथा भन्सार सहजीकरण

यस अवधिमा पश्चिम एसियामा जारी तनावका कारण पेट्रोलियम पदार्थ (डिजेल, पेट्रोल, मट्टीतेल) आपूर्तिमा अवरोध एवं विश्व बजारमा मूल्यवृद्धि भएको परिप्रेक्ष्यमा जनतामा सोको भार कम गर्न पैठारीमा लाग्ने भन्सार महसुल तथा पूर्वाधार विकास शुल्कमा ५० प्रतिशत छुट गरिएको छ।

अर्थमन्त्रीको संयोजकत्वमा गत चैत १९ मा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकको निर्णयानुसार राजस्व परिचालन तथा चुहावट नियन्त्रण कार्यदल गठन भई स्थलगत निरीक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदा प्राप्त भएको छ।

शासकीय सुधारसम्बन्धी एक सय बुँदे सूचीमध्ये बुँदा नं ९६ अनुरूप भन्सार विन्दुमा जफत भएका सवारीसाधनमध्ये छ सय ५१ वटा मोटरसाइकल र ४१ वटा चारपाङ्गे सवारीसाधन सुरक्षा निकायका लागि उपलब्ध गराउने निर्णय भएको उहाँले उल्लेख गर्नुभयो।

वीरगञ्ज भन्सार कार्यालयको स्थलगत निरीक्षण तथा निजी क्षेत्रका प्रतिनिधिसँग राजस्वसम्बन्धी परामर्श तथा अन्तरक्रिया सम्पन्न भएको छ। ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयलगायत ४७ कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयका अधिकृतलाई अन्तःशुल्क ऐन, २०५८ अनुसारको जिम्मेवारी र अधिकार क्षेत्रसहित अन्तःशुल्क अधिकृत तोकिएको छ।

## आर्थिक कूटनीति र लगानी प्रवर्द्धन

सघन आर्थिक कूटनीतिअनुरूप अमेरिकी सहायक विदेशमन्त्री एस पल कपुर तथा भारत, चीन, जापान, जर्मनी, बेलायत, फिनल्यान्ड, फ्रान्स, दक्षिण कोरिया, युरोपियन युनियनलगायत राजदूतसँगको भेटवार्तामा कूटनीतिक सम्बन्ध, वैदेशिक सहायता, लगानी प्रवर्द्धन तथा द्विपक्षीय हितका विषयमा गहन छलफल भएको अर्थमन्त्री डा वाग्लले उल्लेख गर्नुभयो।

यस्तै, नेपालमा वैदेशिक लगानी भित्र्याउने सम्बन्धमा निजी क्षेत्र एवं प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीहरुका प्रतिनिधिसँग नेपालमा लगानी सुरक्षाको प्रतिबद्धतासहित नेपालमा लगानी भित्र्याउनका लागि पहल थालिएको अर्थमन्त्रीले संसदीय समितिमा जानकारी दिनुभयो।

संयुक्त राष्ट्रसङ्घ, आर्थिक तथा सामाजिक परिषद्द्वारा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजित विकासका लागि वित्तसम्बन्धी मन्त्रिस्तरीय सत्रमा प्रमुख वक्ताका रूपमा, हार्वर्ड विश्वविद्यालय र म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीद्वारा आयोजित 'द नेपाल डिस्कोर्स' मा अर्थमन्त्रीले 'भर्चुअल' माध्यमबाट सम्बोधन गरेको विषय पनि उहाँले जानकारी गराउनुभएको थियो।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुधारका लागि दुई अर्ब ८५ करोड जापानी येन अनुदान सहायतासम्बन्धी प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गरिएको छ।

लगानी बोर्ड अनुगमन तथा सहजीकरण बैठकमा बोर्डअन्तर्गतका आयोजनाहरूको कार्यान्वयन सन्दर्भमा वन तथा वातावरणसम्बन्धी विषयमा देखिएको समस्या समाधानका लागि आवश्यक सुझाव पाँच दिनभित्र पेस गर्नेगरी समिति गठन गरिएको छ।

## संस्थान तथा पुाजीबजार सुधार

अर्थमन्त्री डा वाग्लेले नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचनाका लागि सुझाव पेस गर्न गठित समितिको पुनर्संरचनासम्बन्धी सुझाव समिति, २०८२ बाट प्रतिवेदन प्राप्त भई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको जानकारी दिनुभयो।

यस्तै, गोरखकाली रबर उद्योग लिमिटेडको 'ड्यू डिलिजेन्स अडिट' (डिडिए) गरी अन्तिम प्रतिवेदन तयार भएको पनि उहाँले बताउनुभयो। रासस

# आगामी आवको बजेटमा यस्ता छन् अर्थमन्त्रीका प्राथमिकता

काठमाण्डु। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निर्वाचनको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले व्यक्त गरेका वाचापत्र, शासकीय सुधार र सरकारको नीति तथा कार्यक्रममा केन्द्रित रहेर आगामी आर्थिक वर्षको बजेट तय हुने बताउनुभएको छ।

सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थसमितिको आजको बैठकमा उहाँले आगामी आवको बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सबैभन्दा ठूलो चुनौती भए पनि सरकारले आवश्यक प्रबन्ध गर्ने विश्वास दिलाउनुभयो।

उहाँले राजस्व चुहावट नियन्त्रणका लागि निर्मम भएर लाग्ने उल्लेख गर्नुभयो। स्वदेशी उत्पादनलाई समस्यामा पार्नेगरी अवैध तस्करी नियन्त्रणमा लागि सरकार निर्मम भएर लाग्ने स्पष्ट पार्दै आम जनताको दैनिक जीविकोपार्जनका लागि हदैसम्मको लचक हुने बताउनुभयो।

अर्थमन्त्रीले सरकारको नियमित दायित्व मात्रै करिब रु १३ खर्ब ३० अर्ब रहेको, करिब रु सात खर्ब अपुग हुने तथ्य पेस गर्नुभयो। उहाँले सिर्जनशील कार्यक्रमका लागि आफूले स्रोत जुटाउने विश्वास दिलाउँदै चुनौतीलाई अवसरका रूपमा बदल्ने बताउनुभयो। अर्थ मन्त्रालयले यसअघि नै मन्त्रालयहरूलाई बजेटको 'सिलिङ' तोकेर पठाइसकेको जानकारी दिँदै उहाँले त्यस आधारमा नै सम्बन्धित मन्त्रालयमार्फत समावेश गर्न सकिने विषय भए मन्त्रालयले सम्बोधन गर्ने स्पष्ट पार्नुभयो।

अर्थमन्त्रीले नियमित स्रोतबाट मुलुकको आवश्यकतालाई सम्बोधन गर्न नसकिने भएकाले सरकारले 'वैकल्पिक वित्तसम्बन्धी विधेयक' तत्काल अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। उहाँले सो विधेयकलाई थप समृद्ध बनाउन सबैको सार्थक सहयोग जरुरी रहेको आवश्यकता औंल्याउनुभयो।

## पाँच वटा 'थिम'मा आगामी बजेट

अर्थमन्त्री वाग्लेले पाँच वटा 'थिम'मा



आगामी आर्थिक वर्षको बजेट आउने जानकारी दिनुभयो। उहाँले वर्तमान सरकार गठन भएपछि अगाडि बढाइएको सुशासनको लाभांश वितरण गर्ने तरिकाले बजेट विनियोजन गर्ने विश्वास दिलाउनुभयो।

यस्तै, उहाँले अर्थतन्त्रको पुनः संरचना गर्नेगरी बजेट आउने उल्लेख गर्नुभयो। त्यस्तै, सम्पर्क सञ्जालको विस्तार एवम् सहरी विकास, भौतिक पूर्वाधार, ऊर्जा, सिँचाइ, खानेपानी सडकजस्ता 'डिजिटल' नेटवर्कका लागि ठूलो लगानी गरिने जानकारी गराउनुभयो।

अर्थमन्त्रीले निजी क्षेत्रलाई पनि सडक पूर्वाधार निर्माणमा सहभागी गराउने योजना सरकारको रहेको उल्लेख गर्नुभयो। नेपालको सौम्य शक्तिको विस्तारमार्फत संस्कृति, पर्यटन र परराष्ट्र सम्बन्धको थप प्रवर्द्धन गर्ने, डायोस्परालाई आर्थिक विकासमा सहभागी गराउने गरी उक्त स्रोतको परिचालन गर्ने उहाँको कथन छ।

उहाँले आगामी आवको बजेटमा सरकारको नीति तथा कार्यक्रम, शासकीय सुधार र सरकारको वाचापत्रलाई समेटिने दोहोऱ्याउनुभयो। बजेटका प्राथमिकता तथा सिद्धान्तमार्फत सुधारमुखी 'एजेन्डा' अघि सारिने अर्थमन्त्रीको भनाइ छ।

त्यस्तै, विप्रेषणमा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमा आधारित बनाउने र सामाजिक उन्नयन तथा मध्यम वर्गको विस्तारमा जोड दिइने उहाँले बताउनुभयो। उहाँले आफूले अर्थमन्त्रालय सम्हालेदेखि साना-ठूला गरी ३०० भन्दा बढी काम भइसकेको समितिलाई जानकारी दिनुभयो। उहाँले यही वैशाख ३१ गते संसद्मा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत हुने जानकारी गराउनुभयो। सांसदहरूले संसद्मा दिनुहुने सुझावलाई समेत बजेटमा समावेश गरिने उल्लेख गर्नुभयो।

सीमा क्षेत्रमा हुने तस्करी निर्मम भएर नियन्त्रण गरिने अर्थमन्त्री डा वाग्लेको भनाइ छ। सीमा क्षेत्रमा बसोबास गर्ने आम नागरिकलाई दैनिक उपभोगका सामग्री खरिदमा सहजीकरण गर्ने तर सङ्गठित तस्करी र राजस्व चुहावट नियन्त्रणमा भने कडा रूपमा प्रस्तुत हुने उहाँले स्पष्ट पार्नुभयो।

रु एक सयभन्दा बढी मूल्यका वस्तुमा भन्सार लाग्ने व्यवस्था वर्तमान सरकारले ल्याएको नभई दशकौँदेखि कायम रहेको नीति भएको र चालु आवको बजेटमा सो व्यवस्था रहेको जानकारी दिनुभयो। एकै दिनमा पटक-पटक सीमा वारपार गरेर नेपाली बजार र गोदाममा सामान भित्र्याई स्वदेशी उत्पादनलाई क्षति गर्ने गिरोहविरुद्ध विशेष अभियान सञ्चालन गरिने उहाँको भनाइ छ।

सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउन सरकारले सीमा क्षेत्रमा क्यामेरा, अनुहार पहिचान गर्ने यन्त्र, नाइट भिजन उपकरण र कृत्रिम बुद्धिमत्ता (एआई) मा आधारित निगरानी प्रणाली प्रयोग गर्ने योजना अघि सारिएको उहाँको कथन छ।

## 'धितोपत्रप्रति उदार नीति'

अर्थमन्त्री डा वाग्लेले धितोपत्र बजारको विकासका लागि सरकारले उदार नीति अगाडि सारेको जानकारी दिनुभयो। उहाँले राष्ट्रपतिले सोमबार प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा स्टक मार्केट, पुँजी बजारबारे एकदमै उदार नीतिहरू घोषणा गरिएको उल्लेख गर्नुभयो। उहाँले त्यसलाई बजेटमा थप आकार दिइने स्पष्ट पार्नुभयो।

अर्थमन्त्री डा वाग्लेले केही सीमित समूहले पुँजी बजारमा चलखेल गरेर ' इन्साइडर ट्रेडिङ' गरी जनताको ठूलो रकम दुरूपयोग गरिएको यथार्थता पेस गर्नुभयो। उहाँले त्यस्ता समूहले आर्थिक लाभ मात्र नभई राजनीतिक संस्थामाथि समेत प्रभाव जमाएको दाबी गर्नुभयो। अर्थमन्त्री वाग्लेले स्टक एक्सचेन्जको पुनः संरचनाका लागि गठन गरिएको एउटा समितिले प्रतिवेदन दिएको जानकारी दिँदै त्यसलाई क्रमशः कार्यान्वयनमा लगिने बताउनुभयो। उहाँले जेनजी आन्दोलनले मुलुकलाई गलत दिशामा जानबाट जोगाएको र हाल सुशासनलाई ठूलो प्राथमिकताका साथ अगाडि बढाइएको उल्लेख गर्नुभयो।

सांसदहरू ध्रुव राई, परशुराम तामाङ, भरत गिरीलगायतले आगामी आर्थिक वर्षको बजेटका बारेमा सुझाव दिनुभएको थियो। रासस

# शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने जिम्मेवारी सरकारको होः संयोजक प्रचण्ड

काठमाडु। नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले विगतका आन्दोलन र क्रान्तिबाट प्राप्त उपलब्धिको रक्षा गर्दै शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने जिम्मेवारी सरकारको भएको बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकलाई सम्बोधन गर्दै संयोजक दाहालले लामो क्रान्तिको उपलब्धिमाथि गर्व गर्ने तर केही व्यक्तिहरू त्यही क्रान्तिलाई आपराधीकरण गर्ने प्रयत्न गरेकोप्रति असन्तुष्टि व्यक्त गर्नुभयो।



उहाँले भन्नुभयो, "मैले तपाईंहरूलाई गणतन्त्रका फूल भनेको थिएँ। शान्ति प्रक्रियाको पूर्णता अब मेरोभन्दा पनि तपाईंहरूको जिम्मेवारी हो।" नयाँ संसद्लाई आफूले क्रान्तिकै निरन्तरता ठानेको उल्लेख गर्दै संयोजक दाहालले भन्नुभयो, "वालेन्द्र शाह काठमाडौँको मेयर हुँदै आज देशकै प्रधानमन्त्री बन्नुभएको छ। पार्टी फरक होला, तर मेरा लागि यो क्रान्तिकै सङ्कल्पको जीत हो।"

पुराना पार्टीहरू सबै खराब हुन् भन्ने भाष्य गलत भएको बताउँदै संयोजक दाहालले भन्नुभयो, "पुराना नेता र पुराना पार्टीका नाममा बनेको एउटा गलत भाष्य छ, सबै उस्तै हुन् भन्ने। त्यसमा प्रचण्डलाई पनि घिसार्न खोजिन्छ। त्यही हो त सत्य ? होइन।"

पुराना र नयाँको भाष्य दार्शनिक, राजनीतिक र समाजशास्त्रीय दृष्टिले गलत भएको उहाँको भनाइ छ। संयोजक दाहालले भन्नुभयो, "सवाल पुराना र नयाँको होइन, सवाल सही र गलतको हो। पुराना र नयाँ भाष्यले परिवार, समाज र राजनीतिमा विभाजनको आधारमात्र खडा गर्दछ। सही र गलतको बहसले गति, रुपान्तरणसहितको नयाँ एकताको आधार खडा गर्दछ।"

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँगको सहकार्यको स्मरण गर्दै पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "अघिल्लो संसद्मा मैले प्रधानमन्त्रीका रूपमा पनि र प्रमुख विपक्षी दलको नेताका रूपमा पनि रास्वपासँग दह्रो सहकार्य गरेँ।"

संयोजक दाहालले त्यसबेला सुशासन, सेवा प्रवाह सरलीकरण, मेरिटोक्रेसी, ललिता निवास जग्गा फिर्ता, भुटानी शरणार्थी प्रकरणको अनुसन्धान र ठूला माफियाविरुद्धको कारबाही गरेको उल्लेख गर्नुभयो। यसभन्दा अघिल्लो सरकार छँदा गलत नियतको निरन्तर विरोध गरेको बताउँदै उहाँले भन्नुभयो, "प्रतिपक्षका रूपमा हाम्रो सङ्ख्या सानो थियो। तर, त्यो सानो सङ्ख्याले दुईतिहाइको विशाल सत्तापक्षका हरेक बेथिति र विकृतिविरुद्ध लड्यो।" आगामी दिनमा पनि गलत कार्य भए खबरदारी गर्ने उहाँको भनाइ थियो।

पूर्वप्रधानमन्त्री दाहालले सरकार गठन भएपछि वर्तमान सरकारले आफ्नो 'रोडम्याप' सार्वजनिक गरेको भए पनि नीति तथा कार्यक्रमले सत्तारूढ दलको घोषणापत्र, रोडम्याप र राष्ट्रिय सङ्कल्पपत्रको 'स्पिरिट' समात्न नसकेको टिप्पणी गर्नुभयो। उहाँले मधेसी जनताको सपनाहरूको जगमा यो सरकार बने पनि सिङ्गो नीति तथा कार्यक्रम मधेसप्रति मौन रहेको बताउनुभयो।

वर्तमान सरकारले ट्रेड युनियन, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक संस्थाहरूमाथि आक्रमण गरिरहेको आरोप लगाउँदै उहाँले विधि मिच्ने, अध्यादेशमार्फत शासन गर्ने, संसद् छल्ने र प्रतिशोधपूर्ण धरपकड गर्ने शैली राम्रो नभएको बताउनुभयो।

पूर्वप्रधानमन्त्री दाहालले अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनपछि बनेको सरकारले प्रेस स्वतन्त्रताको सम्मान गर्नुपर्ने उल्लेख गर्दै भन्नुभयो, "हिजो बोलेकै भरमा थुनिनुपर्ने परिस्थितिको विरोध गऱ्यौँ तर आज हामी मिडिया संस्थाहरूलाई नियमन गर्ने, कमजोर गर्ने अभ्यास गर्दैछौँ, प्रश्नहरूबाट भागेर होइन, प्रश्नहरूको जवाफ दिएरमात्रै लोकतन्त्रको विकास हुन्छ।"

वर्तमान नयाँ संसद्लाई समावेशी सहिदहरूको बलिदानको उपज भएको उल्लेख गर्दै उहाँले हजारौँ सहिदको बलिदानबाट हरेक वर्ग, वर्ण, जाति, लिङ्ग र समुदायको प्रतिनिधित्व भएको यो इन्द्रेणी संसद् बनेको बताउनुभयो। रासस

# पाकिस्तानमा तीन महिनामा ३७० जना भन्दा बढी अफगान नागरिक मारिए : राष्ट्रसङ्घ



रासस/एएफपी । चालु वर्षको पहिलो तीन महिनामा सरकारी सेना र पाकिस्तानबीचको द्वन्द्वमा कम्तिमा ३७२ जना अफगान नागरिक मारिएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किए पछि इस्लामाबाद र काबुल बीचको सम्बन्ध बिग्रिएको जनाइएको छ भने गत फेब्रुअरीमा पाकिस्तानका रक्षामन्त्रीले खुला युद्धको घोषणा गर्नु भएको थियो।

इस्लामावादले अफगान तालिबान सरकारलाई आतङ्ककारीहरूलाई आश्रय दिएको आरोप लगाएको छ।

अफगान अधिकारीहरूले पाकिस्तानले शत्रु समूहहरूलाई शरण दिएको र आफ्नो सार्वभौमसत्तालाई सम्मान नगरेको आरोपलाई अस्वीकार गरेका छन् । अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमए) ले सन् २०२६ जनवरी -१ र मार्च ३१ को बिचमा, अफगानिस्तानको सुरक्षा बल र पाकिस्तानी सैन्य बलहरू बिच भएको सीमापार सशस्त्र हिंसामा ३७२ जना नागरिकहरूको मृत्यु हुनुका साथै ३९७ घाइते भएको जनाएको छ।

रिपोर्टको लिखित जवाफमा इस्लामाबादले यस वर्षको सुरु देखि १३० जना पाकिस्तानी नागरिक र सुरक्षाकर्मी मारिएको बताएको छ।

पाकिस्तानको विदेश मन्त्रालयले इस्लामाबादका लागि काबुलका शीर्ष दूतलाई बोलाएर सप्ताहन्तमा १५ जनाको ज्यान गएको बताएको थियो जसमा अधिकांश प्रहरी अधिकारीहरू थिए।

अफगानिस्तान र पाकिस्तान बीच लामो समयदेखि चलिरहेको सीमापार झडप गत वर्षको अक्टोबरमा झनै चर्किएको थियो, जसमा दर्जनौंको मृत्यु भएको थियो। पछिल्लो तीन महिनाको आँकडा सन् २०११ देखि युएनएएमएद्वारा रेकर्ड गरिएको अवधिको सङ्ख्यामा सबै भन्दा बढी हो।

रिपोर्टका अनुसार जनवरी १ देखि मार्च ३१ सम्म अफगानिस्तानमा १३ महिला, ४६ बालबालिका र ३१३ पुरुष मारिएका थिए। हताहतको प्रमुख कारण हवाई आक्रमण भएको भन्दै राष्ट्रसङ्घले अन्य हाताहात सीमापार गोलीबारीबाट भएको उल्लेख गर्दै एक जना अधिकार कर्मीको समेत मृत्यु भएको जनाएको छ।

तालिबान सरकारले उक्त घटनामा ४०० भन्दा बढी सर्वसाधारणको मृत्यु भएको जनाएको छ।

प्रतिवेदनमा समावेश गरिएको लिखित प्रतिक्रियामा पाकिस्तानले अस्पताल, लागुऔषध पुनःस्थापना केन्द्र वा नागरिक सुविधालाई लक्षित नगरि कारबाही आतङ्कवादी र सैन्य पूर्वाधारविरुद्ध मात्र निर्देशित भएको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घको मिसनले अफगान अधिकारीहरूलाई अस्पतालका भएको आक्रमणमा बेपत्ता भएका व्यक्तिहरूको रेकर्ड सङ्कलन गर्न र उनीहरूका आफन्तहरूलाई खोजीमा सहयोग गर्न आग्रह गरेको छ।

युएनएएमएले लडाकु पक्षहरूलाई स्वास्थ्य सुविधाहरूलाई लक्षित गर्न आवासिय क्षेत्रमा विस्पोट गर्नबाट टाढा रहि अन्तर्राष्ट्रिय कानूनको सम्मान गर्न आह्वान गरेको छ।

बेइजिङका अनुसार अप्रिलको सुरुमा चिनमा भएको वार्ता पछि पाकिस्तान र अफगानिस्तानले तनावबाट बच्न प्रतिबद्ध भएका छन्।

# इरानले हर्मुजलाई 'ब्ल्याकमेल' गर्ने स्रोतका रूपमा प्रयोग गर्नु हुँदैन : कतार



रासस/एएफपी । मध्यपूर्व युद्ध सुरु भएदेखि नै अवरुद्ध गरेको 'स्ट्रेट अफ होर्मुज' लाई खाडी मुलुकलाई ब्ल्याकमेल गर्ने माध्यमका रूपमा प्रयोग गर्न नहुने कतारका उच्च अधिकारीले मङ्गलबार बताउनुभएको छ।

प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले दोहामा टर्कीका विदेश मन्त्री हाकान फिदानसँग पत्रकार सम्मेलन गर्दै भन्नुभयो, "इरान-अमेरिका वार्तामा मध्यस्थकर्ताको रूपमा देखा परेका छन्।"

मन्त्री थानीले भन्नुभयो, "इरानले खाडी देशहरूलाई दबाब दिन (ब्ल्याकमेल गर्न) यो स्ट्रेटलाई हतियारको रूपमा प्रयोग गर्नु हुँदैन।"

उक्त अवसरमा फिदानले पनि हर्मुजलाई 'हतियारको रूपमा प्रयोग गरिनु नहुने कतारको भनाइप्रति समर्थन जनाउँदै दवाव दिने नाममा अन्तर्राष्ट्रिय जलमार्ग अवरोध हुँदा यसको प्रभाव निर्दोष र इरानको समर्थक राष्ट्रले पनि भोग्नुपरेको उहाँले टर्कीएको राष्ट्रिय भाषामा गरेको सम्बोधनको अरबी अनुवादका उल्लेख छ।

तेहरानले आफूमाथि थोपरिएको युद्धपछि अमेरिकी सम्पत्तिका साथै नागरिक पूर्वाधार, विमानस्थल र ऊर्जा सुविधालाई पनि निशाना बनाएको छ।

स्ट्रेट अफ हर्मुजको नाकाबन्दीले विश्वको तेल र प्राकृतिक ग्यासको पाँच भागको लगभग एक भाग इन्धनको ढुवानीलाई प्रभावित पार्छ। यसले ऊर्जाका लागि धनी खाडीको लागि महत्त्वपूर्ण समुद्री निर्यात पनि रोकेको छ, जसले उनीहरूको अर्थव्यवस्थालाई तनाव दिएको छ।

शान्ति वार्तामा कतारको बढ्दो भूमिकाबारे प्रकाश पार्दै शेख मोहम्मदले हालैका दिनहरूमा आफूले गरेको संयुक्त राज्य अमेरिकाको भ्रमणले युद्ध अन्त्यका लागि मध्यस्थताको प्रयासलाई बलियो बनाउन खोजेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो भ्रमण मुख्य रूपमा पाकिस्तानी कूटनीतिक प्रयासहरूलाई समर्थन गर्ने र सकेसम्म चाँडो समाधानमा पुग्ने यी प्रयासहरूको सकारात्मक प्रतिक्रिया सुनिश्चित गर्ने कुरामा केन्द्रित थियो।"

फिदानले भन्नुभयो, "अङ्कारा, कतार र साउदी अरब 'विशेष गरी जारी वार्ताको सम्बन्धमा' युएई र कुवेतलगायत अन्य खाडी देशहरूसँग निकट सम्पर्कमा छन्।" रासस

# हान्टाभाइरस-प्रभावित क्रूज जहाज नेदरल्याण्डमा अवतरण

रासस/एएफपी । हान्टा भाइरसबाट प्रभावित क्रूज जहाज एमभी होन्डियसमा सवार यात्रु र चालक दलका सदस्य बोकेका दुई वटा उडानहरू मङ्गलबार नेदरल्यान्ड्सको आइन्डहोभेन सन्य एअरपोर्टमा अवतरण गरेको जनाइएको छ।

विदेश मन्त्रालयका अनुसार अष्ट्रेलियाली अधिकारीहरूद्वारा भएको जनाइएको छ।

सार्वजनिक स्वास्थ्य र वातावरणका लागि डच राष्ट्रिय संस्थानले स्वदेश फर्केका सबै यात्रुहरूको पूर्ण मेडिकल स्क्रिनिङ गरिने बताएको छ भने प्रयोगशाला परीक्षणका लागि विमानस्थलमा सबै आगन्तुकबाट नमूना सङ्कलन गरिनेछ।

तुरुन्तै घर फर्कन नसक्ने



सञ्चालित पहिलो उडानमा छ जना यात्रुहरू थिए भने, दोस्रो, उडानले लक्जरी क्रूज जहाजबाट २२ जना चालक दलका सदस्यहरू ल्याएको जनाइएको छ। जसमा एक जना डच नागरिक र अन्य २१ जना अन्य राष्ट्रका नागरिक थिए।

पहिलो जहाज लगभग रातीको १२:३० मा अवतरण भएको जनाइउको छ भने यस विमानका छ जना यात्रुहरू अष्ट्रेलिया जाने अपेक्षा गरिएको छ। दोस्रो उडान लगभग १५ मिनेट पछि अवतरण

अवस्थामा रहेका चालक दलका सदस्य र विदेशी यात्रुहरूका लागि होटलको व्यवस्था गरिएको एजेन्सीले जनाएको छ।

यसैबीच, एमभी होन्डियसको डच अपरेटर ओसनवाइड एक्सपिडिशनले विज्ञप्ति जारी गर्दै जहाज स्पेनको टेनेरिफ टापुबाट नेदरल्यान्ड्सको रोटरडाम तर्फको यात्रा गरिरहेको जनाइएको छ। जहाजले यात्रा पूरा गर्न लगभग छ दिन लाग्ने अपेक्षा गरिएको छ भने आइतबारका लागि अस्थायी आगमन निर्धारित गरिएको छ।

# इरानमाथि फेरि आक्रमण भए युरेनियम प्रशोधनलाई अघि बढाइने: इरान

रासस/एएफपी । इरानमाथि फेरि आक्रमण भएमा युरेनियमलाई ९० प्रतिशत शुद्धतामा प्रशोधन गर्नेतर्फ कदम चाल्नुको विकल्प नहुने इरानी अधिकारीले बताएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टन र तेहरानबीचको युद्धविरामलाई 'व्यापक जीवनको क्षति हुनबाट जोगाउने' कदम बताएपछि इरानी संसदको राष्ट्रिय सुरक्षा तथा विदेश नीति समितिका प्रवक्ता इब्राहिम रेजाइले उक्त टिप्पणी गर्नुभएको हो।

"अर्को आक्रमण भएको खण्डमा इरानको विकल्पहरू मध्ये एक ९० प्रतिशत (युरेनियम) संवर्धन हुन सक्छ। हामी संसदमा यसको




समीक्षा गर्नेछौं," रेजाईले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ।

इरानको आणविक ऊर्जा सङ्गठनका प्रमुख मोहम्मद इस्लामीले सोमबार देशको आणविक प्रविधि र युरेनियम संवर्धनमा कुनै सम्झौता गर्न नसकिने बताउनुभएको थियो।

फेब्रुअरी २८ मा तेहरान र अन्य इरानी शहरहरूमा अमेरिका-इजरायलको संयुक्त आक्रमणबाट सुरु भएको ४० दिनको लडाइँपछि इरान, संयुक्त राज्य अमेरिका र इजरायलले अप्रिल ८ देखि युद्धविराम घोषणा गरेका छन्।

युद्धविरामपछि इरानी र अमेरिकी प्रतिनिधिमण्डलहरूले अप्रिल ११ र १२ मा पाकिस्तानको राजधानी इस्लामावादमा एक चरणको शान्ति वार्ता गरेका थिए, तर त्यसमा सहमति हुन सकेन।

विगतमा दुई पक्षहरूले पाकिस्तानको मध्यस्थतामा द्वन्द्व अन्त्य गर्नका लागि सर्तहरू प्रस्तुत गर्दै धेरै प्रस्तावित योजनाहरू आदानप्रदान गरेका छन्।

# नेपाल स्कटल्यान्डसँग पराजित

काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृङ्खलामा नेपाल स्कटल्यान्डसँग पराजित भएको छ। कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल स्कटल्यान्डसँग दुई रनले पराजित भएको हो।




स्कटल्यान्डले नेपाललाई जितका लागि २४४ रनको लक्ष्य दिएको थियो । तर नेपालले जवाफी ब्याटिङ गर्ने क्रममा वर्षा अवरोध भएको थियो। त्यसपछि खेल डकवर्थ-लुइस पद्धतिका आधारमा नेपालले ३९ ओभरमा २२१ रनको नयाँ लक्ष्य पाएको थियो । जसमा नेपाल ३९ ओभरमा ७ विकेट गुमाएर २१८ रनमा समेटियो। नेपालका लागि गुल्सन झाले सर्वाधिक ६१ रनको योगदान दिए। उनले ३५ बलमा २ चौका र ५ छक्काको सहयोमा अविजित ६१ रन बनाएका हुन्।

त्यस्तै, उपकप्तान दीपेन्द्रसिंह ऐरीले ४९ बलमा ५ चौका र १ छक्काको सहयोगमा ५५ रनको अर्धशतकीय इनिङ खेले। आसिफ शेख २१, कप्तान रोहित पौडेल ३२ तथा करण केसी १८ रनमा आउट भए। नन्दन यादव ८ रनमा अविजित रहे।

बलिङतर्फ स्कटल्यान्डका ब्राड करिले ३, मार्क वाटले २ तथा ओलिभर डेविडसन र ज्याक जाभ्रिसले समान १/१ विकेट लिए। त्यसअघि, टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २४३ रनको योगफल बनाएको थियो।

स्कटल्यान्डका लागि जर्ज मुन्सीले आक्रामक ब्याटिङ गर्दै ६२ बलमा १२ चौका र २ छक्कासहित सर्वाधिक ७५ रन बनाए।

त्यस्तै, फिन्ले म्याकक्रेथले ३५ रन जोड्दा माइकल इङ्ग्लिस ३४ रनमा अविजित रहे । अन्त्यतिर माइकल लिस्कले २९ तथा मार्क वाटले २४ रन थपेपछि स्कटल्यान्ड सम्मानजनक योगफलतर्फ पुगेको थियो।

नेपालका लागि सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै १० ओभरमा ४१ रन खर्चेर ४ विकेट लिए। त्यस्तै, करण केसी र नन्दन यादवले समान २/२ विकेट लिए। रासस

## महिला राष्ट्रिय कबड्डी प्रतियोगिताः
# नेपाल प्रहरी र सशस्त्र प्रहरी आमनेसामने




इनरुवा। इनरुवामा जारी प्रथम कोशीटप्पु खुल्ला महिला राष्ट्रिय कबड्डी प्रतियोगितामा आज उपाधिका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच भीडन्त हुने भएको छ।

पहिलो सेमिफाइनलमा नेपाल प्रहरीले त्रिभुवन आर्मीलाई र सशस्त्र प्रहरी वलले कोशी प्रदेशलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेका हुन् । इनरुवा-२ स्थित शिक्षा कार्यालयको खेल मैदानमा खेल हुने आयोजकले जनाएको छ।

प्रतियोगितामा उपाधि विजेताले रु एक लाख र ट्रफी, दोस्रो हुनेले रु ५० हजारसहित ट्रफी र तेस्रो हुने दुई टोलीलाई रु २५/२५ हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। रासस

# राष्ट्रिय आर्चरीमा नेपाल पुलिस क्लब च्याम्पियन

कास्की । देशको पर्यटकीय राजधानी पोखरामा १३औँ संस्करणको राष्ट्रिय आर्चरी च्याम्पियनसीप सम्पन्न भएको छ । नेपाल आर्चरी सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित आर्चरी मैदानमा यही वैशाख २६ गतेदेखि सुरु भएको प्रतियोगिताको सोमबार सम्पन्न खेलमा विभागीय टोली नेपाल पुलिस क्लब च्याम्पियन बनेको हो।



पुलिसले समग्रमा पाँच स्वर्ण, चार रजत र तीन कास्यपदक जित्दै च्याम्पिन बनेको हो। यसैगरी, अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लब चार स्वर्ण, एक रजत र दुई कास्यपदकसहित द्वितीय हुन सफल भयो।

एपिएफ क्लब दुई स्वर्ण, एक रजत र तीन कास्यपदक जित्दै तेस्रो स्थानमा सीमित भयो । आयोजक नेपाल आर्चरी सङ्घका सचिव योगेन्द्र शेरचनका अनुसार घरेलु टोली गण्डकी प्रदेश भने एक स्वर्ण, छ रजत र पाँच कास्यपदकसहित चौथो स्थानमा छ।

प्रतियोगिताको 'रिकर्भ' पुरुष व्यक्तिगततर्फ नेपाल पुलिस क्लबका तिलक पुनले स्वर्ण पदक जितेका छन्। गण्डकी प्रदेशका आशिम शेरचनले रजत तथा खड्गबहादुर घर्तीमगरले कास्य पदक हात पारे।

'रिकर्भ' महिला व्यक्तिगततर्फ नेपाल आर्मीकी ज्ञानु आवालेले स्वर्ण पदक जितिन्। नेपाल पुलिसकी देविकला राईले रजत तथा एपिएफकी सोनु जया राईले कास्यपदक जितिन्।

'रिकर्भ पुरुष टिम इभेन्ट'मा नेपाल पुलिस क्लब प्रथम, गण्डकी प्रदेश दोस्रो तथा एपिएफ क्लब तेस्रो भयो भने रिकर्भ महिला टिम इभेन्टमा नेपाल आर्मी क्लब प्रथम, एपिएफ क्लब दोस्रो तथा गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो।

'कम्पाउण्ड' पुरुष व्यक्तिगततर्फ नेपाल पुलिस क्लबका अनिसुध श्रेष्ठले स्वर्णपदक जिते । गण्डकीका सुमन गुरुङले रजत तथा आर्मीका पवन राईले कास्यपदक जिते भने महिलातर्फ एपिएफ क्लबकी निर्मला काम्बाङले स्वर्णपदक जितिन् । मोनिका रानाले रजत तथा एपिएफकी प्रसादा आचार्यले कास्यपदक जितिन्।

यसैगरी 'कम्पाउण्ड' पुरुष टिम इभेन्टमा एपिएफ क्लब प्रथम भयो भने नेपाल पुलिस क्लब दोस्रो र गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो।

'स्ट्यान्डर्ड' पुरुष व्यक्तिगततर्फ गण्डकी प्रदेशका रामबहादुर घर्तीमगरले स्वर्णपदक जिते।

नेपाल पुलिसका निक्षेश देशारले रजत तथा कृष्ण भण्डारीले कास्यपदक जितेका छन् । 'स्ट्यान्डर्ड' महिलातर्फ नेपाल आर्मी क्लबकी सारदा विकले स्वर्णपदक जितिन् । गण्डकीकी स्नेहा केसीले रजत तथा नेपाल पुलिसकी बबिता श्रेष्ठले कास्यपदक जितिन्।

'स्ट्यान्डर्ड पुरुष टिम इभेन्ट'तर्फ नेपाल पुलिस क्लब प्रथम, गण्डकी प्रदेश दोस्रो तथा नेपाल आर्मी क्लब तेस्रो भयो । स्ट्यान्डर्ड मिक्स टिम इभेन्टमा नेपाल पुलिस क्लब प्रथम, नेपाल आर्मी क्लब दोस्रो तथा गण्डकी प्रदेश तेस्रो स्थानमा रह्यो। प्रतियोगितामा विभागीय टोली तथा विभिन्न प्रदेशका गरी ५६ जना खेलाडीको सहभागिता थियो। रासस

# महिला राष्ट्रिय कबड्डीको फाइनलमा नेपाल प्रहरी

इनरुवा। इनरुवामा जारी प्रथम कोसीटप्पु खुलामहिला राष्ट्रिय कबड्डी प्रतियोगितामा सोमबार भएको पहिलो सेमिफाइनलमा नेपाल प्रहरी फाइनलमा प्रवेश गरेको छ। त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै नेपाल प्रहरी फाइनलको यात्रा तय गरेको हो।



प्रतिस्पर्धात्मक सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई १८-१७ अङ्कले हराउँदै नेपाल प्रहरी फाइनलमा प्रवेशको आयोजक संस्थाका अध्यक्ष तरुणकुमार यादवले जानकारी दिनुभयो । खेलको म्यान अफ दी म्याच नेपाल प्रहरीकी खेलाडी मुस्कान कर्ण हुनुभएको थियो।

त्यसैगरी, सोमबार भएको दोस्रो सेमिफाइनल खेलमा सशस्त्र प्रहरी फाइनलमा प्रवेश गरेको छ। कोसी प्रदेशलाई २५ का विरुद्ध ३३ अङ्कले पराजित गर्दै सशस्त्र प्रहरी फाइनलमा प्रवेश गरेको राष्ट्रिय कबड्डीका अन्तरराष्ट्रिय रेफरी तथा अयोजक संस्थाका अध्यक्ष तरुणकुमार यादवले बताउनुभयो।

मंगलबार नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

पहिलो सेमिफाइनल खेलमा म्यान अफ दी म्याच भएकी कर्णलाई सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेवेले हस्तान्तरण गर्नुभएको थियो।

प्रतियोगितामा उपाधि विजेताले रु एक लाख र ट्रफी, दोस्रो हुनेले रु ५० हजारसहित ट्रफी र तेस्रो हुने दुई वटा समूहलाई रु २५/२५ हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। रासस

# तुलसीपुरका थारु महिला तरकारीखेतीबाट आत्मनिर्भर बन्दै

दाङ । तुलसीपुर उपमहानगरपालिका-१५ अकमीगाउँका थारु महिला मौसमी तथा बेमौसमी व्यावसायिक तरकारीखेती गरी मनग्य आम्दानीमार्फत आत्मनिर्भर बन्दै आएका छन् ।

अकमीगाउँसहित आसपासका गाउँका थारु महिला अहिले व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित भएका हुन् । यसबाट जीविकोपार्जन गर्न र छोराछोरीलाई पढाउन सजिलो भएको थारु महिला बताउँछन् ।



तुलसीपुर-१५ की ४४ वर्षीया स्यानी चौधरीले व्यावसायिक रूपमा तरकारीखेती गर्न थाल्नुभएको लामो समय बितिसकेको छ। उहाँले तरकारीखेती गरेर आत्मनिर्भर बन्नुका साथै आफूलाई एक सफल महिला कृषकका रूपमा चिनाउनुभएको छ।

उहाँले मौसमी र बेमौसमी तरकारीसहित धनियाँ बिक्री गरेर वार्षिक रु चार लाखसम्म आम्दानी भइरहेको जानकारी दिनुभयो। आफूले उत्पादन गरेको धनियाँ र तरकारी बिक्री गर्न एकाबिहानै छिट्वा बोकेर तुलसीपुर बजारका घरघर पुग्नुहुन्छ।

यसपटक मौसमी धनियाँ बिक्रीबाट मात्र रु दुई लाख ५० आम्दानी भएको स्यानीले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले बेमौसमी तरकारीखेती र धनियाँखेती गरेकी छु । उत्पादन मनग्य छ, दिनहुँजसो बजारमा बिक्री गरिरहेकी छु ।"

विसं २०५८ देखि यो पेसा अपनाएको बताउँदै स्यानीले १५ वर्षदेखि व्यावसायिक रूपमा खेती सुरु गरेको जनाउनुभयो । उहाँले हाल १० कट्ठा जमिनमा स्थानीय जातको बेमौसमी धनियाँखेती गर्नुभएको छ भने १० कट्ठा जमिनमा तरकारीखेती गर्नुभएको छ।

एक वर्षमा दुईपटक मौसमी र बेमौसमी तरकारीखेती गर्दै आएको बताउने उहाँले धनियाँ प्रतिमुठा रु २० मा बिक्री गर्दै आएको जानकारी दिनुभयो । उहाँका अनुसार बोडी, भिन्डी, करेला प्रतिकिलो रु एकसय २० सम्म बिक्री हुन्छ।

तरकारी बेचेर भएको आम्दानीबाट स्यानीले गाउँमा १७ कट्ठा चार धुर जमिन जोडेको बताउनुभयो । हाल १० कट्ठामा धनियाँखेती र बाँकी जमिनमा बेमौसमी तरकारीखेती गर्दै आएको उहाँले उल्लेख गर्नुभयो।

तुलसीपुर उपमहानगरपालिकाले तरकारी बिक्रीका लागि बनाइदिएको तरकारी केन्द्र बजारबाट टाढा रहेकाले त्यहाँ उपभोक्ता नजाँदा सडकमै बसेर बिक्री गर्नुपर्ने बाध्यता रहेको स्यानीले बताउनुभयो।

तुलसीपुर-१५ की ५५ वर्षीया रेखा चौधरी पनि व्यावसायिक रूपमा तरकारीखेती गरेर आत्मनिर्भर बन्नुभएको छ। उहाँले १५ कट्ठा जमिनमा टमाटर, काँक्रा, सिमी, भिन्डी, बोडीलगायत बेमौसमी तरकारीखेती गरिरहेको बताउनुभयो । उत्पादन गरेको तरकारी बिक्री गर्न दैनिकजसो बिहानै आफू तुलसीपुर बजारमा आउने गरेको उहाँले जानकारी दिनुभयो।

रेखाले भन्नुभयो, "पहिला हामीले धानखेती गर्दथ्यौँ, तर त्यसबाट मात्र मनग्य आम्दानी लिन नसकेपछि धानखेती छाडेर छ वर्षदेखि तरकारीखेती गरेका छौँ, दुःख भए पनि आम्दानी प्रशस्त हुन्छ। तर सडक छेउमा बसेर तरकारी बेच्नुपर्ने बाध्यताले दुर्घटनाको जोखिम छ।" सडक छेउमा बसेर एक वर्षमा रु चार लाखसम्म आम्दानी भइरहेको उहाँले जानकारी दिनुभयो।

तुलसीपुर-१५ की ४० वर्षीया राजपति चौधरीले तरकारीखेतीमा रमाउँदै वार्षिक रु तीन लाख ५० हजारसम्म आम्दानी गरिरहनुभएको छ। उहाँले १४ कट्ठा जमिनमा व्यावसायिक रूपमा मौसमी र बेमौसमी तरकारीखेती गरेर आत्मनिर्भर बन्नुभएको छ । तरकारीखेतीबाटै भएको आम्दानीले दुई छोराछोरीलाई कृषि प्राविधिक विषय पढाउन सजिलो भएको उहाँले बताउनुभयो।

सामान्य लेखपढ गरेको बताउने राजपतिले यो पेसामा टिकाइराख्न महिलालाई तरकारीको उचित मूल्य र बजारीकरण, सुरक्षित बिक्री गर्ने स्थान तथा उन्नत जातको बीउ र कीटनाशक औषधि, तालिमको व्यवस्था आवश्य रहेको भन्दै स्थानीय सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

यी तीन महिला मात्रै होइन अकमी, धम्कापुर, मटेरा, मेटेरी, गोलौरी, पड्डालगायत गाउँका ५०० बढी थारु महिला तरकारीखेतीमार्फत आत्मनिर्भर बन्दै आउनुभएको छ। तरकारीखेतीबाटै आत्मनिर्भर बन्दै जानुभएका उहाँहरूमध्ये अधिकांशले दिनहुँ तुलसीपुर स्थित सीतलपुर चोकका सडक छेउमा बिहानैदेखि बसेर तरकारी बिक्री गर्दै आउनुभएको छ।

तुलसीपुर उपमहानगरपालिकाकी उपप्रमुख स्यानी चौधरीले अकमी, धम्मकापुर, तथा आसपास क्षेत्रमा रहेका छ वटाभन्दा बढी गाउँका सयौँ थारु महिला तरकारीखेतीमार्फत आत्मनिर्भर बन्दै गएका बताउनुभयो । उहाँले उपनगरपालिकाभित्र तरकारीखेती गर्नेसबैकृषकद्वाराउत्पादिततरकारीकोउचित मूल्य प्राप्त गर्न, बजारीकरणका लागि आफूहरू गम्भीर रहेको बताउनुभयो।

उपप्रमुख चौधरीले तुलसीपुर उपमहानगरपालिका-६ मा रहेको तरकारी बजार केन्द्रमा विभिन्न गाउँबाट तरकारी बिक्री गर्न आउने किसानका लागि बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म समय छुट्याइएको बताउनुभयो । सो स्थान निःशुल्क रूपमा प्रदान गरिएको उहाँको भनाइ छ।

"ग्राहक त्यस ठाउँमा आउन मान्दैनन् भन्ने किसानको गुनासो आएपछि हाललाई तुलसीपुर क्षेत्रका विभिन्न तीन ठाउँमा किसानलाई सडक छेउका फुटपाथमा सुरक्षित भएर तरकारी बिक्री गर्न अनुमति दिएका छौँ", उपप्रमुख चौधरीले भन्नुभयो।

यसैगरी, उहाँहरूलाई दिसापिसाव गर्न केही असहज भएकाले आसपासका होटेल तथा पसलका शौचालय प्रयोगका लागि उपमहानगरले समन्वय गरिरहेको जानकारी दिनुभयो । उपमहानगर क्षेत्रका धेरै किसान तरकारीखेतीमा आकर्षित भई आत्मनिर्भरतर्फ उन्मुख भइरहेकाले उपमहानगरले आवश्यक समन्वय र सहजीकरण गरिरहेको उहाँको भनाइ छ । विशेषगरी तरकारीखेतीले गर्दा महिलालाई आर्थिक रूपमा सक्षम बनाउन मद्दत पुगेको उहाँले बताउनुभयो। रासस

# कर्णाली प्रदेशसभा: प्राकृतिक विपद् सम्बोधन गर्ने बजेट बनाउनुपर्नेमा जोड

कर्णाली । कर्णाली प्रदेशसभाका सदस्यहरूले आगामी आर्थिक वर्ष २०८३/८४ मा प्राकृतिक विपद् र समयसापेक्ष आवश्यकतालाई केन्द्रमा राखेर बजेट निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।




कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनको पहिलो बैठकको आकस्मिक समयमा प्रदेशसभा सदस्य भीमप्रकाश शर्माले यस वर्षको वैशाखमा आएको असिनापानीका कारण सल्यानको बागचौर गाउँपालिकाका किसानको अन्नबाली नष्ट भएको भन्दै क्षतिको एकीन विवरण सङ्कलन गरी पीडित किसानलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो।

कृषि, खानेपानीलगायत भौतिक पूर्वाधारमा समेत क्षति पुगेको जनाउँदै सदस्य शर्माले सम्भावित प्राकृतिक विपद्लाई ध्यानमा राखेर आगामी वर्षको बजेट निर्माण गर्न सरकारलाई अनुरोध गर्नुभयो ।

बैठकमा प्रदेशसभा मङ्गलबहादुर शाहीले आगामी आर्थिक वर्षका लागि प्राथमिकता र आवश्यकतामा केन्द्रित बजेट ल्याउन सरकारलाई सुझाउनुभयो । प्रदेशसभा दलका जीवनबहादुर शाहीले प्राकृतिक विपद्मा खोज तथा उद्धार र राहतका लागि आवश्यक बजेट विनियोजना हुनुपर्नेमा जोड दिनुभयो।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आगामी आवको बजेट तर्जुमामा सुधार गर्दै आवश्यकताका आधारमा बजेट विनियोजन गरिने बताउनुभयो । उहाँले यथार्थ र कार्यान्वययोग्य बजेट ल्याइने जनाउँदै नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता र आवश्यकताका आधारमा बजेट आउने प्रतिबद्धता जनाउनुभयो। रासस

# पुल निर्माणमा ढिलासुस्ती भएपछि १२ वर्षपछि 'तोडियो'सम्झौता



डुम्रे। तराई र पहाडी क्षेत्र जोड्ने वैकल्पिक मार्गको रुपमा रहेको पोखरा-नारायणगढ सडक बुद्धसिंह मार्गअन्तर्गत घुमाउनेस्थित त्रिशूली नदीमा निर्माणाधीन मोटरेबल पुलको ठेक्का सम्झौता अन्त्य गरिएको छ।

निर्माण सुरु भएको १२ वर्षपछि काम सम्पन्न नभएको र निर्माण व्यवसायीले पटक-पटकको निर्देशन अटेर गरेपछि सडक डिभिजन कार्यालय दमौलीले आज सार्वजनिक सूचना जारी गर्दै ठेक्का अन्त्य गरेको हो ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ स्थित घुमाउने पुल बनाउन सडक डिभिजन कार्यालयले निर्माण कम्पनी 'मृत सञ्जीवनी निर्माण सेवा'सँगको सम्झौता अन्त्य गर्दै प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको सूचनामा जनाइएको छ।

कार्यालयले गत चैत १७ गते संशोधित 'डिजाइन' स्वीकृत भइसकेको जनाउँदै १५ दिनभित्र काम सुरु गर्न अन्तिम मौका दिएको थियो । तर, उक्त निर्देशनपछि पनि सम्पर्कमा नआएको र कुनै प्रगति नदेखिएपछि सम्झौतामा उल्लेखित निर्देशन 'गम्भीर उल्लङ्घन' को प्रावधानअनुसार ठेक्का तोडिएको सडक डिभिजन प्रमुख राजीव श्रेष्ठले जानकारी दिनुभयो।

पुल निर्माणमा भएको चरम ढिलासुस्तीका कारण स्थानीयवासी लामो समयदेखि आन्दोलित हुँदै आएका थिए। पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त गर्जा मगरले निर्माण कम्पनीले जनताको भावनासँग खेलबाड गरेको बताउनुभयो। विसं २०७० असारमा रु १० करोड २१ लाख ८६ हजार लागतमा सम्झौता भएको १०५ मिटर लामो उक्त पुलको हालसम्मको भौतिक प्रगति केवल ३६ प्रतिशत मात्र रहेको छ।

यस पुल निर्माण सम्पन्न भएमा दमौलीबाट चितवन पुग्न हालको मुग्लिन-डुम्रे सडकभन्दा करिब २५ किलोमिटर दूरी छोटो पर्नेछ । पुल नबनेका कारण यस क्षेत्रका छ/सात वटा साना बस तथा जीप घुमाउनेघाटसम्म मात्रै चल्न बाध्य छन् । यात्रु झोलुङ्गे पुल प्रयोग गरी मुग्लिन-नारायणगढ सडकखण्डसम्म पुग्ने गरेका छन् भने दुई पाङ्ग्रे सवारीसाधन पुलबाट डोऱ्याउँदै सडकखण्डमा जोडिन्छन्।

सडक डिभिजन कार्यालयले जारी गरेको सूचनामा निर्माण व्यवसायीलाई अविलम्ब निर्माणस्थल खाली गर्न तथा बाँकी भुक्तानी भए १५ दिनभित्र हिसाब मिलान (वित्तीय फरफारक) गर्न निर्देशन दिइएको छ । ठेक्का रद्द भएसँगै अब नयाँ बोलपत्र आह्वान गरी पुल निर्माणको बाँकी काम अघि बढाउने बाटो खुलेको छ। निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने प्रक्रियासमेत अघि बढाइएको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिनुभयो। रासस

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/३० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

**क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी**

**१. ऋणीको नाम, ठेगाना**

**नाम : दुर्गा रासायनिक मल विक्री केन्द्र**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी
प्रा.फ.र.नं. ३४५८/२७/०७३/०७४, दर्ता मिति : २०७३/०६/१३, पान नं. ६०३०४४८९२, दर्ता मिति : २०७१/११/१७
ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६, **प्रोप्राइटर : दिपु मण्डल**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : दिपु मण्डल**<br>ना.प्र.नं. १८१०५५/४८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६५/०५/२४<br>बाबुको नाम : लालवा मण्डल<br>बाजेको नाम : मोहित मण्डल<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई वडा नं. ९<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ९ | **२. नाम : लालवा मण्डल**<br>ना.प्र.नं. २३२२१७५५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/०२/२३<br>बाबुको नाम : मोहित मण्डल<br>बाजेको नाम : सौखी मण्डल<br>ठेगाना : महोत्तरी जिल्ला, डाम्ही मडै वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ९ |
| **३. नाम : मुकेश मण्डल**<br>ना.प्र.नं. १८-०१-६९-०१५८८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६९/१२/२३<br>बाबुको नाम : लालवा मण्डल<br>बाजेको नाम : मोहित मण्डल<br>ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ९ | **४. नाम : माला देवी**<br>ना.प्र.नं. १८-०१-७१-०६८०७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७१/११/०४<br>पतिको नाम : लालवा मण्डल<br>ससुराको नाम : सौखी मण्डल<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई वडा नं. ९<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ९ |

**धितोको विवरण**

१. दिपु मण्डलको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ४ क स्थित कित्ता नं. ७५७ को क्षेत्रफल ०-०-५-० र महोत्तरी जिल्ला, भोइलटिमकीया वडा नं. ८ क स्थित कित्ता नं. ४६८ को क्षेत्रफल ०-३-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. लालवा मण्डलको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भोइलटिमकीया वडा नं. ८ क स्थित कित्ता नं. ३७५ को क्षेत्रफल ०-८-६.५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२.**

| ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|
| **नाम : भविन्द्र कुमार खपाङ्गी**<br>ना.प्र.नं. ०८९००१५२, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५७/१२/०५<br>बाबुको नाम : क्षेत्रबहादुर खपाङ्गी<br>बाजेको नाम : ईखा बहादुर खपाङ्गी<br>ठेगाना : सर्लाही जिल्ला, राजघाट वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ | **नाम : सुश्री पोषण कुमारी ठाडा**<br>ना.प्र.नं. ८६४४३१००, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/०८/०७<br>पतिको नाम : भविन्द्र कुमार खपाङ्गी<br>ससुराको नाम : क्षेत्रबहादुर खपाङ्गी<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४ |

**धितोको विवरण**

सुश्री पोषण कुमारी ठाडाको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज वडा नं. ३ ख स्थित कित्ता नं. १३७० को क्षेत्रफल ०-०-१२-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/३० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/०८ गतेको नागरिक राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०७९/११/१७ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०९/०१ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७९/११/१७ र मिति २०८०/०५/०८ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिराहा जिल्ला, लहान न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७५ साल आषाढ महिना २६ गतेमा प्रा.फ.र.नं. ७९८६/२०७४/०७५ आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०५९/०६/०३ मा स्थायी लेखा नम्बर (PAN) ३०११३७७६४ अन्तर्गत दर्ता कायम भएको **जय श्री हनुमान ट्रेडर्स एण्ड सप्लायर्स** ।
**प्रोप्राईटर : शत्रुधन प्र. चौधरी**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. दरवारी चौधरीको नाति, जगदिश चौ. कलवारको छोरा, सिराहा जिल्ला, साविक महदेवापोर्ताहा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, सखुवानन्करकट्टी गा.पा. वडा नं. ३ बस्ने **शत्रुधन प्र. चौधरी** (ना.प्र.नं. ५७१९१६५४, जारी मिति २०४७/०९/२९, जि.प्र.का. सिराहा) । | २. जगदिश चौ. कलवारको बुहारी, शत्रुधन प्र. चौधरीको पत्नी, सिराहा जिल्ला, साविक महदेवापोर्ताहा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, सखुवानन्करकट्टी गा.पा. वडा नं. ३ बस्ने **बिमला देवी चौधरी** (ना.प्र.नं. १५३०१२/१९, जारी मिति २०६३/१२/१६, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. शत्रुधन प्र. चौधरी (ना.प्र.नं. ५७१९१६५४, जारी मिति २०४७/०९/२९, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, महदेवा पोर्ताहा गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कि.नं. ६६६ को क्षेत्रफल ०-२-१९-० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. जय श्री हनुमान ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०२/१३ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय लहान, सिराहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०२/१४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय लहान, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय लहान, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : लहान, सिराहा
फोन नं. ०३३-५६०९६९
Website: www.siddharthabank.com

# सांसदहरुद्वारा सरकारको ध्यानाकर्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभाको मंगलबारको शून्य समयमा आफ्ना धारण राख्दै सांसदहरूले वर्षायाम शुरु भएकाले बाढीपहिरो, डुबान रोकथाम गर्नुपर्ने, स्वास्थ्य शिक्षालगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको मंगलबार बसेको बैठकमा सांसद राजेशकुमार चौधरीले रौतहट जिल्ला चारैतिर नदीनालाले घेरिएको हुनाले हरेक वर्ष सदरमुकाम डुबान भएर करोडौं क्षति गरेकाले त्यसलाई समयमै रोकथामका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराए ।

त्यस्तै सांसद राधिका रम्तेलले सुर्खेतकी १६ वर्षीया एनिसा विकको बलात्कारपछि हत्या र सिन्धुलीका २२ वर्षीय श्रीकृष्ण विकको प्रहरी हिरासतमा मृत्यु भएकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै राज्यले कमजोर र दलितपीडित नागरिकलाई सुरक्षा नदिएको बताइन् ।

त्यसैगरि सांसद रामविनोद यादवले धनुषा क्षेत्र नं २ मा कमला नदीको कटान र डुबानबाट पीडित हुँदै आएको, शिक्षा र स्वास्थ्यको कमी भएकाप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद रिगला यादवले सरकारले तयारीबिना सुकुम्बासी बस्ती उठाउने काम गरेकाप्रति ध्यानाकर्षण गराउँदै सुकुम्बासीलाई उचित बासको ग्यारेन्टी गर्न माग गरिन् ।

सांसद रिमा विश्वकर्माले सिन्धुलीले २२ वर्षीय श्रीकृष्ण विश्वकर्माको खुर्कोट इलाका प्रहरी हिरासतमा मृत्यु भएको घटनाको आज १८ दिन बितिसक्दा पनि न्याय नपाएको र यस्ता हिरासतभित्र हुने अधिकांश मृत्युलाई आत्महत्या भन्न नमिल्नेप्रति सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद रुपेश रञ्जितले भक्तपुरले खोपः विश्वविद्यालयको निर्माण र वीर अस्पतालको निर्माणका प्रतीक्षामा बसेको र भक्तपुरमा मापदण्डविपरीत बनाएकोइँटाभट्टाहरूलाईतत्काल बन्द गर्न उद्योग र वातावरण मन्त्रालयको ध्यानाकर्षण गराए ।

सांसद रुविना आचार्यले आगामी आर्थिक वर्षमा देशमा आवश्यकताका आधारमा बजेट विनियोजन गर्नुपर्ने र वर्षायामका कारण बाढीपहिरो, डुबानका कारण हुने खतराबाट बचाउन पहिला नै ध्यान दिनुपर्नेमा जोड दिइन् ।

सांसद रेखाकुमारी यादवले सुकुम्बासीहरूको बिनातयारी बस्ती उठाउने भन्दापनि राज्यले उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिइन् । सांसद विदुषी राणाले सरकारले उद्योग, उत्पादनलाई प्राथमिकतामा राख्नका लागि ढुवानीको उचित व्यवस्थापन गर्न सडक मार्गको राम्रो व्यवस्थापन गर्नुपर्नेप्रति सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद बिना गुरुङले पोखरास्थित फेवातालको संरक्षण गर्दै लालपुर्जा भएका व्यक्तिहरूलाई मुआब्जा दिन र वरपर वर्षौंदेखि माछा व्यवसाय गर्ने जलारी समुदायलाई उचित व्यवस्थापन गर्न माग गरिन् ।

# संघीयताको कार्यान्वयनमा वित्तीय तथा प्रशासनिक महत्व

**संविधान सदस्य तथा वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संघीयता राजनीतिक अधिकारको बाँडफाँट मात्र नभइ प्रशासनिक रुपान्तरण पनि रहेकाले यसप्रति प्रदेशसभा सदस्यहरुलाई गम्भीर हुन आग्रह गरेका छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामअशिष यादवले प्रदेश सभामा प्रदेशसभा सदस्यहरुले खेल्नुपर्ने भूमिकालाई थप शसक्त बनाउन आग्रह गरेका छन् ।



जनकपुरधाममा मंगलबार मधेश प्रदेशसभाका सीमान्तकृत समूहको प्रतिनिधित्व गर्ने महिला सांसदहरु र सांसहरुका लागि क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा सभामुख यादवले महिला सभासदस्यहरुले तथ्यसहित सदनमा प्रस्तुत हुन र आफ्नो भनाइसहितको प्रश्न प्रदेश सरकारसंग शसक्त रुपमा उठाउन आग्रह गरे ।

संविधान सदस्य तथा वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संघीयता राजनीतिक अधिकारको बाँडफाँट मात्र नभइ प्रशासनिक रुपान्तरण पनि रहेकाले यसप्रति प्रदेशसभा सदस्यहरुलाई गम्भीर हुन आग्रह गरेका छन् ।

वरिष्ठ अधिवक्ता देवकोटाले प्रदेशसभाहरु लेकतान्त्रिक जवाफदेहीताको आवश्यक स्तम्भ रहेकाले सभासदस्यलाई प्रश्न गर्न कहिल्यै नछाड्न अपिल गरे । उनले सांसदहरुले विधायिकी काम, सरकारको अनुगमन र प्रीतनिधित्व जस्ता कार्यलाई सुदृढ पार्नुपर्ने बताए । उनले संघीयता गणतन्त्र नेपालत्रि मधेश प्रदेशमा अद्वितीय अवसर र चुनौतीहरु रहेको बताउँदै वरिष्ठ अधिवक्ता देवकोटाले संघीय , प्रादेशिक र स्थानीय सरकारहरु बीच प्रभावकारी समन्वय आवश्यक रहेको औल्याए । उनले सफल संघीयताको लागि प्रशासनिक क्षमता र संस्थागत सुधार आवश्यक रहेको बताए ।

संघीयताको कार्यान्वयनमा वित्तीय तथा प्रशासनिक संघीयता र संसदीय भूमिका सम्बन्धी तालिममा मधेश प्रदेश नीति तथा आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. भोगेन्द्र झाले अविष्ट अधिकार संघीय सरकारले आफैँमा राख्दा प्रदेशमा समस्याहरु उत्पन्न भएको बताए। उनले आर्थिक अधिकार प्रयोगका लागि संघीय सरकारले आफैमा केन्द्रित गरेपछि प्रदेशमा प्रशासनिक कठिनाइ हुँदै आएको बताए । राजश्व स्रोतको बाँडफाँट अधिकार क्षेत्रभित्र कर लगाउन पाउने व्यवस्था हुँदा पनि अवशिष्ट अधिकारका कारण प्रदेशमा समस्या हुँदै आएको उनको भनाइ छ ।

सीआइसी नेपालका कार्यकारी निर्देशक संजय साहको अध्यक्षतामा भएको यस कार्यक्रममा यूएनडिपीका प्रतिनिधि बिटुबाबु श्रीवास्तवले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# घूस लिएको अभियोगमा प्रहरी निरीक्षकविरुद्ध मुद्दा दायर




**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

कमला- ढल्केबर-बागमती सडक निर्माण खण्डमा माटो तथा 'ग्राभेल फिलिङ' कार्यमा प्रयोग हुने सवारीसाधन रोक्ने तथा 'फिल्ड'मा माटो झार्न नदिइ सेवाग्राहीसंग ४० हजार रुपैयाँ घूस लिँदै गरेको अवस्थामा पक्राउ गरी अभियोग पत्र दायर गरिएको छ । आयोगले मंगलबार आरोपी अधिकारीविरुद्ध बिगोबमोजिम कारबाही माग गर्दै मुद्दा दायर गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

त्यस्तै नेपाल सरकार प्रतिवादी चन्द्रबहादुर अधिकारी समेतको घूससम्बन्धी मुद्दामा सरकारी साक्षीका रूपमा बयान दिँदा प्रतिकूल हुनेगरी दिएको पाइएकाले सुमित्राकुमारी पुडासैनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ । आयोगले पुडासैनीविरुद्ध रु ५० लाख बराबरको बिगो दाबी गर्दै मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको अख्तियारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# एसईई नतिजाः मधेशमा ३१ हजारभन्दा बढी विद्यार्थी अवर्गीकृत

**टुडे समाचारदाता**

जनकपुरधाम । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मधेश प्रदेशका ३१ हजार ७२५ विद्यार्थी अवर्गीकृत (नन् ग्रेडेड) भएका छन् ।



राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको नतिजाअनुसार मधेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थिमध्ये ठूलो संख्या न्यूनतम ग्रेड प्राप्त गर्न असफल भएका हुन् ।

प्रदेशगत तथ्यांक अनुसार मधेशमा ४४ हजार ५९२ विद्यार्थी मात्रै वर्गीकृत भएका छन् । अवर्गीकृत हुने विद्यार्थीको संख्या अन्य प्रदेशको तुलनामा पनि उच्च देखिएको छ ।

बोर्डका अनुसार कोशी प्रदेशमा २१ हजार ३६६, बागमतीमा २१ हजार ७०४, गण्डकीमा ९ हजार ९४३, लुम्बिनीमा २७ हजार ८९३, कर्णालीमा १३ हजार २४१ तथा सुदूरपश्चिममा २० हजार ६३५ विद्यार्थी अवर्गीकृत भएका छन् ।

यस वर्ष नियमिततर्फ देशभरबाट ४ लाख ३० हजार ६६७ विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए । तीमध्ये १ लाख ४६ हजार ५०७ विद्यार्थी नन् ग्रेडेड भएका परीक्षा बोर्डले जनाएको छ ।

बोर्डले अवर्गीकृत विद्यार्थीका लागि पुरक परीक्षा आगामी असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन गर्ने तयारी गरेको जनाएको छ ।

प्रदेशगत रूपमा वर्गीकृत विद्यार्थी संख्या हेर्दा बागमती प्रदेश अग्रस्थानमा रहेको छ ।

बागमतीमा ७७ हजार ११३ विद्यार्थी वर्गीकृत हुँदा कोशीमा ५० हजार ८९०, लुम्बिनीमा ४४ हजार २५६, मधेशमा ४४ हजार ५९२, गण्डकीमा २६ हजार ५५०, कर्णालीमा १९ हजार ९५ र सुदूरपश्चिममा २१ हजार ६६४ विद्यार्थी वर्गीकृत भएका छन् ।

यसपटकको नतिजाले विशेषगरी मधेश प्रदेशमा विद्यालय शिक्षा र सिकाइको गुणस्तरमाथि पुनः प्रश्न उठाएको शिक्षा क्षेत्रका जानकारहरू बताउँछन् ।

# 'वन्यजन्तु उद्धार टोली' तयार

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जले घाइते भएका वन्यजन्तुको तत्कालै उद्धारको लागि 'वन्यजन्तु उद्धार टोली' तयार गरिएको छ ।

विगतमा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा कुनै वन्यजन्तु चोटपटक तथा घाइते भएर रेस्क्यु गर्नुपर्दा चितवन राष्ट्रिय निकुञ्जबाट वाइडलाइफ उद्धार टोली बोलाउनु पर्ने बाध्यता रहेको थियो । तर, निकुञ्जले वैशाखको पहिलो सातादेखि भने निकुञ्जमा नै उद्धारटोलीको व्यवस्थापन गरेको छ। पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले पर्सा राष्ट्रिय निकुञ्जमा 'वन्यजन्तु उद्धार टोली' तयार पारेपछि घाइते भएका वन्यजन्तुको उद्धार र उपचारमा सहज भएको जानकारी दिए ।

"विगतमा वन्यजन्तु घाइते वा दुर्घटना हुँदा चितवन राष्ट्रिय निकुञ्जबाटै टोली बनाउनुपर्ने हुन्थ्यो", उनले भने, "तर,अहिले यहाँबाटै हुँदा धेरै सहज र छिटो उद्धार सम्भव भएको छ ।" सूचना अधिकारी भगतका अनुसार उद्धार टोलीमा पशु चिकित्सक, प्राविधिक, सवारी चालकलगायत रहेको बताए ।

"वन्यजन्तु घाइते तथा उद्धार गर्नुपर्ने अवस्था आएको खण्डमा बारा, पर्सा, रौतहट, मकवानपुरसम्म जाने गरेका छौं", उनले भने । कार्यालयले चालु आर्थिक वर्षको चैतसम्म पाटेबाघ एक, चित्तल छ वटा, गोमनसर्प एक सयबाट उद्धार गरेको जनाएको छ ।

त्यस्तै किंग कोब्रा २५ वटा, अजिंगर १५ वटा, सालक एक वटा र अन्य वन्यजन्तु तीनवटा उद्धार गरेर उपचारपछि प्राकृतिक वासस्थलमा छाडिएको निकुञ्जले जनाएको छ ।

# 'कुपोषण समाधानका लागि व्यवहार परिवर्तन आवश्यक'

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशमा कुपोषणको समस्या समाधानका लागि बानीव्यवहारमा परितर्वन आवश्यक रहेको बताएका छन् ।



मधेश प्रदेशको स्वास्थ्य सेवा निर्देशनालय सपही धनुषाले लालगढमा मंगलबारदेखि शुरु गरेको तीनदिने मधेश प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन-२०८३ उद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रत्येक घरको भान्साघर व्यवस्थित गर्नसके अवस्थामा सुधार आउने उल्लेख गरे ।

मधेश खाद्य सामग्री उत्पादनका दृष्टिले अन्य प्रदेशका तुलनामा राम्रो भए पनि उपयोग ठिकसंग नहुँदा कुपोषणको समस्या देखिएको उनले बताए ।

तीनदिने शिखर सम्मेलनले मधेशमा कुपोषणका कारण देखिने पुड्कोपन, ख्याउटेपन र रक्तअल्पताको समस्या निदानमा ठोस निष्कर्ष दिने मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गीलाल रायले बताए ।

सो सम्मेलनमार्फत अनुगमनको पाटोलाई प्रभावकारी बनाउन ठोस तालिका निर्माण गर्न रायले सुझाए ।

सो सम्मेलनमा पोषण नीतिबारे विज्ञहरूबीच गहन संवाद गरी निष्कर्ष निकालिने मधेश प्रदेश सरकारको स्वास्थ सचिव डा. प्रमोदकुमार यादवले स्पष्ट पारे ।

सो सम्मेलनमा प्रदेशका सबै पोषणसम्बद्ध प्रदेशस्तरीय सरकारी कार्यालयका प्रमुख, प्रादेशिक अस्पतालका प्रमुख, पोषणविद् र आठै जिल्लाका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख र पोषण अधिकृतको सहभागिता रहेको जनाइएको छ ।

# नेपालबाट भारतमा चरेश तस्करी



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालबाट तस्करीमार्फत भारत पुऱ्याइएको लागूऔषध चरेशसहित एक युवक पक्राउ परेका छन्। भारतीय सीमा सुरक्षा बल (एसएसबी) ७१ औं बटालियन र बिहार प्रहरीको संयुक्त टोलीले विशेष सूचनाको आधारमा छापामारी गर्दै पौने ३ किलो चरेश बरामद गरेको छ ।

एसएसबीका अनुसार भारतको बिहार राज्य अन्तर्गत मोतीहारी जिल्लाको जितना थाना क्षेत्रस्थित अगरवा गाउँमा मंगलबार बिहान छापामारी गरिएको थियो। छापामारीका क्रममा गजेन्द्र राय यादवको घरभित्र बोरामा लुकाइराखिएको करिब पौने ३ किलो चरेश फेला परेको एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट बिश्वजित तिवारी ले जानकारी दिएका छन् ।

लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा घरधनीका २६ वर्षीय छोरा मुन्ना कुमार यादवलाई पक्राउ गरिएको छ । पक्राउ परेका मुन्नालाई बरामद चरेशसहित आवश्यक कारबाहीका लागि जितना थानामा बुझाइएको एसएसबी प्रवक्ता विनित कुमार सिंह ले बताएका छन् ।

प्रारम्भिक अनुसन्धानका क्रममा बरामद चरेश बारा जिल्लाको सीमावर्ती नाका हुँदै नेपालबाट भारत तस्करी गरिएको आरोपितले स्वीकार गरेको एसएसबी ७१ औं बटालियन पिपराकोठीले जनाएको छ ।

# २०६औं अन्तर्राष्ट्रिय नर्सिङ दिवस सम्पन्न

**टुडे समाचारदाता**

वीरगञ्ज । २०६औं अन्तर ाष्ट्रिय नर्सिङ दिवसको अवसरमा नेशनल मेडिकल कलेज द्वारा विशेष कार्यक्रम आयोजना गरिएको छ । "हाम्रा नर्स, हाम्रो भविष्य" तथा "सशक्त नर्सहरूले जीवनको सेवा गर्छन्" भन्ने मूल नाराका साथ सम्पन्न कार्यक्रममा नर्सिङ निर्देशक प्रा. गंगा गुरुङको अध्यक्षता रहेको थियो ।



प्राचार्य प्रा.डा. के.एन. सिंह, उप-प्राचार्य प्रा.डा. रविशंकर गुप्ता तथा नर्सिङ क्याम्पसकी उप-प्राचार्य प्रा.डा. बबिता सिंहले नर्सिङ पेशाको गरिमा, समर्पण र स्वास्थ्य सेवामा नर्सहरूको अतुलनीय योगदानबारे धारणा व्यक्त गरेका थिए ।

त्यसैगरी प्रबन्ध निर्देशक शहनवाज अन्सारी, शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ, एडमिसन तथा मार्केटिङ निर्देशक आबिद हुसेन अन्सारी तथा अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारीले नर्सहरू स्वास्थ्य प्रणालीको मेरुदण्ड भएको उल्लेख गर्दै उनीहरूको सेवाभावको प्रशंसा गरेका थिए ।

कार्यक्रमका क्रममा पाँच वर्षभन्दा बढी समयदेखि सेवा गर्दै आएका नर्सहरूलाई विशेष सम्मान गरिएको थियो । साथै अस्पतालका कर्मचारीहरूले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रम संयोजक तथा प्राध्यापक जाफ्रे आलम अन्सारीले धन्यवाद ज्ञापन गरेका थिए । केक काट्ने तथा जलपान कार्यक्रमसँगै समारोह सम्पन्न भएको थियो ।

सो कार्यक्रममा कलेजका अध्यक्ष प्रा.डा. जैनुदिन अन्सारी, प्रबन्ध निर्देशक शहनवाज अन्सारी, शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ, एडमिसन तथा मार्केटिङ निर्देशक आबिद हुसेन अन्सारी तथा अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी लगायतको उपस्थिति रहेको थियो ।

# ३ वर्षीय बालक अभियान्सको हत्या

**टुडे समाचारदाता**

सिरहा । सिरहाको बरियारपट्टीबाट हराएका ३ वर्षीय बालक अभियान्स यादवको शव फेला परेका छन् । बालकको शव पोखरीमा फेला परेको र शरीरका गम्भीररुपमा चोटपटक लागेको तथा हातखुट्टा काटेर फालिएको अवस्थामा शव पाइएको सिरहा प्रहरीले जनाएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका-३ मा पर्ने लबटोलीका भोगेन्द्र प्रसाद यादवका ३ वर्षीय छोरा अभियान्स तीनदेखि हराएको थियो । उनी दिउँसो आफ्नो आमा अमृत यादवसंग बरियारपट्टी गाउँपालिका-४ मा पर्ने सोहपुर गएका बेला हराएका थिए । परिवारले खोजतलास गर्दा फेला नपरेपछि साँझ इलाका प्रहरी कार्यालय बरियारपट्टीमा जानकारी गराएको थियो ।

इलाका प्रहरी कार्यालय लक्ष्मीपुरका प्रहरी नायब निरीक्षक ज्योती प्रकाश कार्कीको नेतृत्वमा खटिएको टोलीले खोजी कार्य जारी राखेको अवस्थामा बालकको शव स्थानीय पोखरीमा फेला परेको छ ।

सिरहा प्रहरीले बालको शवको अवस्था शंकास्पद देखिएकाले घटनालाई गम्भीर रूपमा लिएर अनुसन्धान अघि बढाइएको जनाएको छ । बालकको शव पोस्टमार्टमका लागि अस्पतालमा राखिएको छ ।

प्रारम्भिक जानकारी अनुसार बालकका आमा-बुबाबीच विगत तीन वर्षदेखि पारिवारिक कलह थियो । बुबा वैदेशिक रोजगारीमा रहेका तथा आमा माइतीमै बस्दै आएकी थिइन् ।

महिला हिंसा
छोरी, आमा, दिदीबहिनी,
हाम्रो शक्ति कति धनी ।
हिंसा होइन सुरक्षा देऊ,
सम्मानले भरिएको
समाज बनाऊ ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८